# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक ३१६ | काठमाडौं | बुधबार, २८ फागुन २०८१ | Prabhab National Daily | Wednesday, March 12, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५/-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००, ९८४१५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


## राजावादीलाई लोकतन्त्रभित्रै ठाउँ खोज्न चुनौती



एकातिर सरकारको बेथिति र अर्कातिर प्रतिगामी शक्तिको चलखेलका विरुद्ध एकैसाथ जुध्नुपर्ने अवस्था सिर्जना भएको छ ।

● **पुष्पकमल दाहाल**
अध्यक्ष, माओवादी केन्द्र

पछिल्लो केही दिनदेखि पूर्वराजा ज्ञानेन्द्रको नाम र उक्साहटबाट समाजमा संविधानविपरीतका कार्यहरु भइरहेका छन् ।

● **महेश बतौंला**
प्रमुख सचेतक, नेकपा एमाले

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सांसदहरूले लोकतन्त्रको विकल्प राजतन्त्र हुनै नसक्ने बताएका छन् । मंगलबारको प्रतिनिधिसभा बैठकमा सांसदहरूले आइतबार पूर्वराजा ज्ञानेन्द्र शाह, राजावादी दल राष्ट्रिय प्रजातन्त्र पार्टीलगायतले गरेको काठमाडौंको प्रदर्शन लक्षित मन्तव्य राख्दै यस्तो बताएका हुन् ।

प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले प्रतिनिधिसभालाई सम्बोधन गर्दै लोकतन्त्रमै स्थान खोज्न राजावादीलाई आग्रह गरे । 'राजावादीलाई मेरो आग्रह छ लोकतन्त्रमै आफ्नो ठाउँ खोज्नुस् । हामीलाई आपत्ति छैन,' दाहालले भने, 'लोकतन्त्र जति प्रचण्डको हो, त्यत्ति नै व्यक्ति ज्ञानेन्द्र शाहको पनि हो भन्ने मान्यता हामी राजनीतिक दलहरूले राखेका छौं र हाम्रो संविधानले त्यो मान्यता स्थापित गरेको छ ।'

राजावादीको चलखेलमा संगठित प्रयास हुनसक्ने उल्लेख गर्दै दाहालले यसबारे सरकार सचेत हुनुपर्ने धारणा राखे । 'वर्षौंसम्म बन्द कोठामासमेत राजतन्त्र पुनर्स्थापनाको सपना देख्न डराएकाहरू आज सडकमै ओर्लेका छन् र सडकबाटै राजसंस्था पुनर्स्थापनाको चुनौती दिन थालेका छन् । यसका पछाडि संगठित प्रयास छ । यसमा देशभित्र र बाहिरका चलखेल मिसिएका छन्,' उनले भने, 'यस्ता चलखेल हिजो र अस्ति हुँदै आए पनि तर अहिले अचानक किन वृद्धि भयो ?'

सरकारले प्रभावकारी काम गर्न नसकेकोले अहिले आन्दोलन बढ्दो छ । देशभरका सामुदायिक विद्यालयका शिक्षक राजधानी केन्द्रित आन्दोलनमा छन् । यसखाले आन्दोलनलाई सरकारले बेवास्ता गर्न नहुने दाहालको भनाइ थियो । 'दुग्ध उत्पादक किसान होउन् वा तरकारी उत्पादक, निर्माण व्यवसायी होउन् वा उखु किसान, दलित होउन् वा महिला म सबैलाई आज आन्दोलनमै देखिरहेको छु । मलाई लाग्छ सबैले स्थिति अलि जटिल छ भन्ने महसुस गरेकै छौं,' उनले भने, 'सरकारमा बसेका साथीहरूलाई मेरो प्रश्न छ, हरेक वर्ग र समुदायले अब आन्दोलनबाहेक अरु विकल्पै देख्न छाडेका हुन् ?'

संसद्मा रहेको राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले राजतन्त्रको माग गरेर इतिहासको चक्कालाई पछाडितिर फर्काउन खोजेकोसमेत दाहालको आरोप रह्यो । 'एकातिर राजावादी साथीहरू सडकमा हुनुहुन्छ, सदनमा पनि हुनहुन्छ । उहाँहरूका उद्देश्य प्रस्ट छन्, उहाँहरूले इतिहासको चक्कालाई पछाडितिर फर्काउन चाहनुभएको छ,' दाहालले भने ।

⏭ क्रमशः पृष्ठ ५ मा

## संविधानमा तोकिएको नौ वर्षपछि कार्यान्वयनमा आउँदै उपभोक्ता अदालत

▌ चैत २ गतेबाट सञ्चालनमा आउँदै
▌ कार्यक्षेत्र काठमाडौं, ललितपुर र भक्तपुरमा

■ **जेबी योञ्जन**

**काठमाडौं–** उपभोक्ता अदालत आगामी २ चैतदेखि सञ्चालनमा आउने भएको छ । कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले मंगलबार उपभोक्ता अदालत गठनसम्बन्धी सूचना संसद्मा टेबुल गर्दै सञ्चालनमा आउने मितिबारे पनि जानकारी दिएका हुन् । विश्व उपभोक्ता दिवसको अवसर पारेर उपभोक्ता अदालत सञ्चालनमा ल्याइने मन्त्री चौरसियाले बताए ।

'सर्वोच्च अदालतको २०७८ फागुन ८ को परमादेशअनुसार काठमाडौं, ललितपुर र भक्तपुर हेर्नेगरी सरकारले उपभोक्ता अदालत गठन गरिसकेको छ । विश्व उपभोक्ता अधिकार दिवस मार्च १५ तारिख (२०८१ चैत २) देखि सञ्चालन हुने जानकारी गराउन चाहन्छु,' उनले भने ।

उपभोक्ता संरक्षण ऐन बनेको २०७५ सालमै हो । ऐन कार्यान्वयन गर्नेगरी छुट्टै अदालत गठनका लागि सर्वोच्चले यसअघि नै आदेश दिएको थियो । तर, गत २१ माघमा उपत्यकाको तीन जिल्ला कार्यक्षेत्र हुनेगरी पहिलोपटक उपभोक्ता अदालत गठन गरिएको हो । अब भने अदालत सञ्चालनमा आउने मिति पनि टुंगो लाग्यो ।

कालोबजारी र महँगीसम्बन्धी मुद्दाको निरूपण उपभोक्ता अदालतले गर्ने छ । उपभोक्तालाई कानुनबमोजिम क्षतिपूर्ति भराउने अधिकार पनि अदालतसँग छ । बिक्रेताले उपभोक्तालाई झुक्याएर न्यून गुणस्तरको वस्तु बिक्री गरेमा, मूल्यमा मनोमानी गरेमा र कुनै वस्तुको उपभोगका कारण स्वास्थ्यमा प्रतिकूल असर परेमा त्यससम्बन्धी मुद्दा यो अदालतले हेर्ने छ ।

त्यस्ता बिक्रेताबाट क्षतिपूर्ति भराउने व्यवस्था उपभोक्ता संरक्षण ऐन २०७५ मा छ । ऐनअनुसार हानि–नोक्सानी पुगेको मितिले छ महिनाभित्र उजुरी गर्नुपर्ने छ ।







सर्वोच्च अदालतको २०७८ फागुन ८ को परमादेशअनुसार काठमाडौं, ललितपुर र भक्तपुर हेर्नेगरी सरकारले उपभोक्ता अदालत गठन गरिसकेको छ । विश्व उपभोक्ता अधिकार दिवस मार्च १५ (चैत २) देखि सञ्चालन हुने जानकारी गराउन चाहन्छु ।

■ **अजयकुमार चौरसिया**
कानुनमन्त्री



कर्मचारीले उपभोक्तालाई वस्तु तथा सेवा दिने हुन्छ, व्यापारीले मात्रै होइन तर कर्मचारीबाटै उपभोक्ता अदालतको अध्यक्ष र सदस्य बनाइँदाचाहिँ निष्पक्ष र जनआस्था कायम गर्नेगरी न्याय सम्पादन होला ? अहिल्यै प्रश्न उठेको छ ।

■ **प्रेमलाल महर्जन**
उपभोक्ता अधिकारकर्मी

उपभोक्ता अदालत गठन गर्ने कानुनी व्यवस्थासहित २ असोज २०७५ मा उपभोक्ता संरक्षण ऐन जारी भएको थियो । त्यसको छ वर्ष तीन महिना बितेपछि उपभोक्ता अदालत गठन गरिएको हो ।

न्याय परिषद्को सिफारिसमा मन्त्रिपरिषद् बैठकले काठमाडौं जिल्ला अदालतका न्यायाधीश रामप्रसाद शर्मालाई उपभोक्ता अदालतको अध्यक्ष नियुक्त गरेको छ । न्यायाधीश शर्मालाई न्याय परिषद्सँगको परामर्शमा अध्यक्ष तोकिएको हो । न्याय सेवा आयोगले उपसचिव गेहेन्द्रराज रेग्मी र उद्योग मन्त्रालयले उपसचिव आनन्दराज पोखरेललाई अदालतको सदस्य तोकेका छन् ।

उपभोक्ता अदालतमा उपभोक्ताले आफू ठगिएको गुनासो पनि गर्न सक्छन् । संविधानतः गुणस्तरयुक्त वस्तुको उपभोग गर्न पाउनु नागरिकको मौलिक हक हो । अन्यथा भएको खण्डमा व्यक्तिको क्षतिपूर्ति पाउने हक हुने छ । उपभोक्ता अदालतले नागरिकको यही मौलिक हक उपभोगको विषयसम्बन्धी गुनासो सुनुवाइ गर्ने छ ।

सर्वोच्च अदालतले २०७८ मा सातै प्रदेशमा उपभोक्ता अदालत गठन गर्न आदेश दिएको थियो । तर, सरकारले काठमाडौं उपत्यकाका तीन जिल्लालाई कार्यक्षेत्र तोकेर अदालत गठन गरेको हो । उपभोक्ता संरक्षण ऐनको दफा ४१ मा उपभोक्ता अदालतसम्बन्धी व्यवस्था छ, जसमा सरकारले तोकेको सम्बन्धित जिल्लाको जिल्ला न्यायाधीशको अध्यक्षतामा न्याय सेवाको उपसचिव र सरकारले तोकेको उपसचिव सदस्य रहने व्यवस्था उल्लेख छ ।

अदालतमा कम्तीमा एक जना सदस्य उपस्थित रहेको इजलासले मुद्दाको थुनछेकबाहेकको अन्य कारबाही र दुई जना सदस्य उपस्थित भएको इजलासले थुनछेकलगायत अन्य जुनसुकै कारबाही गर्न सक्ने व्यवस्था गरिएको छ । संविधानमा 'गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुने छ' भन्ने मौलिक हकको व्यवस्था छ ।

⏭ क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

## सोह्र बुँदे घोषणापत्र जारी गर्दै सकियो रोजगार सम्मेलन

### श्रमबजार बिस्तारका लागि उपलब्धिमूलक बनेको श्रम मन्त्रालयको दाबी

**सम्मेलनमा के–के भए**

- आन्तरिक रोजगार प्रवर्द्धन दशक घोषणा
- विभिन्न विषयमा कार्यपत्र प्रस्तुतिसमित छलफल
- निजी क्षेत्र, ट्रेड युनियन, श्रम तथा रोजगारसँग सम्बन्धित संस्थाका प्रतिनिधि, व्यवसायी, अनुसन्धानकर्ता, विज्ञ, विकास साझेदारलगायत ५०० जनाभन्दा बढी सहभागी
- राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान र विभिन्न १० वटा रोजगारदाता संस्थाबीच समझदारी
- प्रधानमन्त्री रोजगार कार्यक्रम र स्वीस कन्ट्याक्टबीच समझादारी
- सामाजिक सुरक्षा कोष र विभिन्न सातवटा रोजगारदाताबीच समझदारीपत्रमा हस्ताक्षर



■ **विविशा पौडेल**

**काठमाडौं–** १६ बुँदे घोषणापत्र जारी गर्दै पाँचौं राष्ट्रिय श्रम तथा रोजगार सम्मेलन सकिएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले आयोजना गरेको दुईदिने सम्मेलन मंगलबार सकिएको हो । मन्त्रालयले आन्तरिक रोजगार प्रवर्द्धन गर्दै वैदेशिक रोजगारमा रहेको निर्भरता घटाउने उद्देश्यका साथ सम्मेलन आयोजना गरेको थियो ।

मंगलबार साँझ जारी घोषणापत्रमा आन्तरिक रोजगारी सिर्जनालाई तीव्रता दिन घोषित आन्तरिक रोजगार प्रवर्द्धन दशकलाई सफलतापूर्वक कार्यान्वयन गर्न आवश्यक रणनीति, कार्यनीति र कार्यक्रम कार्यान्वयन गरिने उल्लेख छ । रोजगार प्रवर्द्धन दशकको कार्यान्वयनका लागि आवश्यक नीतिगत र प्रविधिगत परिमार्जन गरिने बताइएको छ । साथै, आन्तरिक रोजगार प्रवर्द्धन दशकका क्रियाकलापहरू आगामी आवधिक योजना, वार्षिक नीति कार्यक्रम तथा बजेटमा समावेश गरी कार्यान्वयन गर्दै लगिने घोषणापत्रमा उल्लेख गरिएको छ ।

यसैगरी वैदेशिक रोजगारीबाट फर्किएका कामदारको सीपको प्रमाणीकरण गरी उनीहरूले आर्जन गरेको सीप, पुँजी र अनुभवलाई उत्पादनशील कार्यमा उपयोग गरी उद्यमशीलताको थप विस्तार गरिने बुँदा पनि घोषणापत्रमा समेटिएको छ । प्रभावकारी श्रम कूटनीतिमार्फत वैदेशिक रोजगारलाई व्यवस्थित, सुरक्षित र मर्यादित बनाउँदै बाध्यात्मकरूपमा वैदेशिक रोजगारमा जानुपर्ने अवस्थाको अन्त्य गर्नका लागि नीतिगत तथा कानुनी सुधार गरिने उल्लेख गरिएको छ ।

समापन समारोहमा बोल्दै मुख्यसचिव एकनारायण अर्यालले वैदेशिक रोजगार ऐन परिमार्जन गर्ने, सामाजिक सुरक्षा कोषलाई अझ व्यवस्थित बनाउने तथा सीप विकासका कार्यक्रमहरूलाई प्रभावकारी बनाउने प्रयासमा सरकार लागिरहेको बताए । यसमा निजी क्षेत्र तथा विज्ञहरूको भूमिकालाई स्थान दिइने उनको भनाइ छ ।

⏭ क्रमशः पृष्ठ २ मा

### यी हुन् घोषणापत्रका १६ बुँदा

१) आन्तरिक रोजगारी सिर्जनालाई तीव्रता दिन घोषित आन्तरिक रोजगार प्रवर्द्धन दशकलाई सफलतापूर्वक कार्यान्वयन गर्न आवश्यक रणनीति, कार्यनीति र कार्यक्रम कार्यान्वयन गरिने छ ।

२) रोजगार प्रवर्द्धन दशकको कार्यान्वयनका लागि आवश्यक नीतिगत र प्रविधिगत परिमार्जन गरिने छ ।

३) आन्तरिक रोजगार प्रवर्द्धन दशकका क्रियाकलापहरू आगामी आवधिक योजना, वार्षिक नीति कार्यक्रम तथा बजेटमा समावेश गरी कार्यान्वयन गर्दै लगिने छ ।

४) सरकारी क्षेत्रको सहजीकरण र निजी क्षेत्रको नेतृत्वमा तुलनात्मक लाभका नवीनतम् एवं उदीयमान क्षेत्रहरूमा लगानी अभिवृद्धि गरी आन्तरिक रोजगारी प्रवर्द्धन गरिने छ ।

५) श्रमबजारको मागको आधारमा सिपयुक्त जनशक्ति तयार गर्नका लागि राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान र निजी क्षेत्रका रोजगारदाताहरूसँग समन्वय एवं सहकार्य गरिने छ ।

६) औपचारिक तथा अनौपचारिक क्षेत्रमा रहेका श्रमिकहरूलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्दै सामाजिक सुरक्षा सुनिश्चिततासहितको पेन्सनेवल समाजको निर्माण गरिने छ ।

७) सामाजिक सुरक्षा कोषको रकमलाई उच्च प्रतिफलयुक्त लगानीको माध्यमबाट राष्ट्रिय पुँजी निर्माण, विकास र परिचालन गरी श्रमिकहरूको कल्याण अभिवृद्धि गरिने छ ।

८) स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रहरूको सुदृढीकरण र प्रविधिको अधिकतम प्रयोग गरी रोजगारदाता र श्रमिकका लागि साझा सूचना केन्द्रको रूपमा दिगो हुनेगरी विकास गरिने छ ।

९) श्रम आप्रवासनको व्यवस्थापन तथा पुनःएकीकरणका लागि 'श्रमिकबाट उद्यमी' बनाउन कि वित्तीय व्यवस्थापन परिचालनसमेत गरी राष्ट्रिय कार्यक्रम सञ्चालन गरिने छ ।

१०) वैदेशिक रोजगारीबाट फर्किएका कामदारको सीपको प्रमाणीकरण गरी उनीहरूले आर्जन गरेको सीप, पुँजी र अनुभवलाई उत्पादनशील कार्यमा उपयोग गरी उद्यमशीलताको थप विस्तार गरिने छ ।

⏭ क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमशः

## संविधानमा...

उपभोक्ता अदालत नबन्दा नागरिकले उक्त मौलिक हक उपभोग गर्न पाएका थिएनन् । अब भने गठन भएर सञ्चालनको क्रममा छ । यस अदालतको क्षेत्राधिकारअन्तर्गत एकाधिकार, सिण्डिकेट र कार्टेलिङ, आवश्यकताभन्दा बढी सञ्चय गर्ने, विद्युत्, खानेपानी, टेलिफोन, सूचना प्रविधि, स्वास्थ्य, शिक्षा तथा परामर्श, यातायात, ढल निकास, बैंकिङ वा त्यस्तै प्रकृतिका अन्य सेवा, कानुनी, चिकित्सा र इञ्जिनियरिङजस्ता क्षेत्रमा उपभोक्तामाथि ठगी गर्नेलाई जवाफदेही बनाउने रहेको छ ।

उपभोक्तालाई ठगी गर्नेमाथि कारबाही गर्न उपभोक्ताले धेरै ठाउँ धाउनुपर्ने अवस्था अन्त्य गरी उपभोक्ता अदालतबाट न्याय दिने उद्देश्य राखेर उपभोक्ता अदालत गठन गरिएको हो । ३ असोज २०७२ मा जारी नेपालको संविधानमै उपभोक्ता अदालत गठनको व्यवस्था उल्लेख थियो, जुन नौ वर्षपछि कार्यान्वयनमा आउन लागेको हो ।

तर, उपभोक्ता अधिकारकर्मी प्रेमलाल महर्जनले आमउपभोक्ताको स्वच्छ र गुणस्तरीय वस्तु उपभोग गर्न पाउने अधिकार सुरक्षित गर्न गठन गरिएको र सञ्चालनमा ल्याउनै लागिएको उपभोक्ता अदालतका न्यायाधीश निजामती कर्मचारी हुनुले उपभोक्ताको हितमा काम गर्नेमा आशंका व्यक्त गरे । 'कर्मचारीले उपभोक्तालाई वस्तु तथा सेवा दिने हुन्छ, व्यापारीले मात्रै होइन तर कर्मचारीबाटै उपभोक्ता अदालतको अध्यक्ष र सदस्य बनाइँदाचाहिँ निष्पक्ष र जनआस्था कायम गर्नेगरी न्याय सम्पादन होला ? अहिल्यै प्रश्न उठेको छ,' उनले प्रभावसँग भने । बजारमा उपभोक्ताहरू दैनिक उपभोग्य वस्तुको किनमेल गर्दा ठगिने गरेका छन् । सार्वजनिक निकायबाट सेवा लिँदा पनि ठगिने गरेको स्थिति रहेको महर्जनले बताए ।

■■■

## श्रमबजार...

उनले स्थानीयस्तरमै रोजगार सिर्जना गर्ने तथा युवाहरूलाई उद्यमशीलतातर्फ आकर्षित गर्ने दीर्घकालीन योजनाहरू सरकारले अघि सार्ने बताए । 'नेपालमा केही हुँदैन भन्नेहरूका लागि यो सम्मेलनले नेपालमै रोजगारीका अवसरहरू विस्तार गरी स्वदेशमै श्रमशक्ति उपयोग गर्न सकिने रहेछ भन्ने सन्देश दिएको छ,' मुख्यसचिव अर्यालले भने, 'सरकारी नीति र कार्यक्रमहरूलाई श्रमिकमैत्री बनाउन कानुनी सुधारको आवश्यकतालाई सरकारले सम्बोधन गर्छ ।'

श्रममन्त्री शरत्सिंह भण्डारीले आन्तरिक रोजगार प्रवर्द्धनका लागि नीतिगत सुधार गर्न सम्मेलन उपलब्धिमूलक भएको बताए । उनले मुलुकको श्रमबजारलाई अन्तर्राष्ट्रिय मापदण्डअनुसार रूपान्तरण गर्न आवश्यक रहेकोमा जोड दिए । स्थानीय उद्योगहरूलाई सबलीकरण गरी रोजगारी सिर्जना गर्ने वातावरण बनाउनुपर्ने उनको भनाइ छ ।

श्रम ऐनको प्रभावकारी कार्यान्वयन गर्दै श्रमिकहरूको न्यूनतम तलब, सामाजिक सुरक्षाको प्रत्याभूति तथा श्रमिकको हक सुनिश्चित गरे वैदेशिक रोजगारीको निर्भरता घट्दै जाने मन्त्री भण्डारीले बताए । सरकारले श्रमबजारको मागअनुसार सीपमूलक तालिम कार्यक्रमहरू सञ्चालन गरी दक्ष श्रमिक उत्पादन गर्ने योजना अगाडि बढाएको पनि उनले जानकारी दिए ।

'रोजगारीका अवसर सिर्जनाका लागि दीर्घकालीन रणनीतिहरू अघि सार्दै स्वदेशमै रोजगारीको वातावरण बनाउन विशेष योजना ल्याउने तयारी गरिरहेका छौं,' मन्त्री भण्डारीले भने, 'सम्मेलनबाट प्राप्त सुझावहरूलाई नीति निर्माण प्रक्रियामा समावेश गरिने छ ।' उनले निजी क्षेत्र, विकास साझेदार र नागरिक समाजसँग सहकार्य गरेर आगामी नीति तय गरिने बताए । मन्त्री भण्डारीले वैदेशिक रोजगारीमा रहेका श्रमिकहरूको अधिकार सुनिश्चित गर्न मन्त्रालयले कूटनीतिक पहल गरिरहेकोसमेत बताए ।

### सम्मेलन उपलब्धिमूलक बन्यो : *श्रम मन्त्रालय*

वैदेशिक रोजगारीमा युवाहरूको आकर्षण बढेको अवस्थामा आन्तरिक रोजगारी सिर्जना गरेर श्रम शक्तिलाई मुलुकमै परिचालन गर्ने सम्मेलनको लक्ष्य थियो । लक्ष्यअनुसार सम्मेलन उपलब्धिमूलक बनेको मन्त्रालयको दाबी छ । सरोकारवालाहरूसँग दुई दिनको छलफलपश्चात् श्रमबजारको वर्तमान अवस्था, रोजगारीका क्षेत्र तथा चुनौतीको पहिचान गर्न सम्मेलन उपलब्धिमूलक बनेको मन्त्रालयका अधिकारीहरूले बताए । मुलुकको श्रमबजार सुधार र दिगो रोजगारीका अवसरहरू विकास गर्ने दिशामा यो सम्मेलन एउटा महत्त्वपूर्ण कोशेढुंगा सावित हुने मन्त्रालयको अपेक्षा छ ।

उत्पादन र उत्पादकत्व विस्तार गरेर दिगो आन्तरिक रोजगार सिर्जना गर्नुलाई नै सम्मेलनको नारा बनाइएको थियो । प्रधानमन्त्री केपी शर्मा ओलीले उद्घाटन गरेको सम्मेलनमा निजी क्षेत्र, ट्रेड युनियन, श्रम तथा रोजगारसँग सम्बन्धित व्यवसायी, अनुसन्धानकर्ता, विज्ञ, विकास साझेदारलगायत ५०० जनाभन्दा बढीले सहभागिता जनाएको मन्त्रालयको भनाइ छ ।

सम्मेलनकै अवसर पारेर 'आन्तरिक रोजगार प्रवर्द्धन दशक (सन् २०२५-३५)' घोषणा गरिएको छ। सम्मेलनमा सम्बन्धित विषयको सीप तालिम तथा रोजगारी प्रदान गर्ने सम्बन्धमा राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान र विभिन्न १० वटा रोजगारदाता संस्थाबीच समझदारीपत्रमा हस्ताक्षर भएको मन्त्रालयले जनाएको छ । यसैगरी प्रधानमन्त्री रोजगार कार्यक्रम र स्वीस कन्ट्याक्टबीच तथा सामाजिक सुरक्षा कोषमा आबद्ध हुने विषयमा कोष र विभिन्न सातवटा रोजगारदाताबीच समझदारीपत्रमा हस्ताक्षर भएकोसमेत मन्त्रालयले मंगलबार जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ ।

### विगतकै नियति दोहोरिने आशंका

दुईदिने श्रम तथा रोजगार सम्मेलनबाट निस्किएका निचोड र विज्ञको सुझावलाई आधार मानेर नीति निर्माण गर्ने र कार्यान्वयनमा ल्याउने श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जनाएको छ । तर यसपटक पनि विगतमा भएका चारवटा सम्मेलनको हालत हुने त होइन भनेर प्रश्न उठ्न थालेको छ ।

श्रम मन्त्रालयले २०५४ सालमा पहिलोपटक रोजगार सम्मेलनको आयोजना गरेको थियो । त्यसबखत मुलुक गृहयुद्धमा थियो । त्यसबेला मुलुकमा देखिएको आर्थिक संकुचनलाई छलफलको मुख्य विषय बनाइएको थियो । तर सम्मेलनबाट जे योजना कार्यान्वयन गर्ने भनिएको थियो त्यो द्वन्द्वका कारण कार्यान्वयनमा आएन । संक्रमणकालीन अवस्थामा सरकारको उक्त जवाफ जायजै होला भन्ने ठानियो ।

त्यसपछि २०६१ मा दोस्रो सम्मेलन भयो । द्वन्द्व जारी नै रहेकाले त्यस समयमा उद्योग प्रतिष्ठानमा देखिएका निराशालगायत श्रमिकको हक र अधिकारमा देखापरेका चुनौती समाधानमा सम्मेलन केन्द्रित हुने भनिएको थियो । तर बनेका योजना कार्यान्वयमा आउन सकेनन् । फलस्वरूपः श्रमिकहरू आफ्नो हक हितका लागि आन्दोलित भइरहनुपर्ने स्थिति देखापर्‍यो ।

वि.सं २०६९ मा तेस्रो श्रम सम्मेलन गरियो । श्रम सम्बद्ध कानुनको सुधार, वैदेशिक रोजगारीका चुनौतीहरूको न्यूनीकरणका साथै असल श्रम सम्बन्ध विकासका विषयमा सम्मेलन केन्द्रित हुने भनेर योजनाहरू बने । मुलुकमा स्थायित्व छाउँदै गरेको अवस्थामा पनि सोचेअनुरूपको प्रतिफल दिनबाट सम्मेलन चुक्यो ।

२०७६ सालको चौथो सम्मेलनले आन्तरिक रोजगारीलाई प्रवर्द्धन गर्दै 'समृद्ध नेपाल, सुखी नेपाली'को अवधारणालाई प्राथमिकता दिइयो।तर विश्वव्यापीरूपमा फैलिएको कोभिड-१९ को महामारीका कारण योजनाले परिणाम दिन सकेन भन्ने निचोड निस्कियो ।

### आश्वासन होइन, रोजगारी हातमा पर्नुपर्‍यो : श्रमविद् नेपाल

श्रमविद् रामेश्वर नेपाल यस्ता सम्मेलन आफैंमा सकारात्मक भएको बताउँछन् । यसबाट जनता सुसूचित हुने उनको धारणा छ । तर विगतका सम्मेलनलाई हेर्दा यस्ता कार्यक्रमले फल नदिने उनले बताए । 'विगतमा पनि सम्मेलनहरू गरिए, यसरी रोजगारी सिर्जना हुन्छ भनेर सुझावहरू संकलन भए, प्रेजेन्टेसन गरियो, विदेश नजानुहोस् भनियो तर जनताले केही पाएनन्,' उनी भन्छन्, 'जनतालाई सम्मेलनको बारेमा जानकारी भन्दा पनि रोजगारी नै चाहिएको हो ।' यो सम्मेलनमा स्थानीय तहका रोजगार संयोजकहरूलाई बोलाइएको भए पनि उनीहरू पनि सरकारकै मान्छे भएकाले कोठामा राखेर तालिम दिँदा पर्याप्त हुने उनी बताउँछन् ।

सम्मेलनमा निजी क्षेत्रसँग सहकार्य गरेर राम्रो भएको तर निजी क्षेत्रले तत्कालै रोजगारी दिएचाहिँ यस्ता कार्यक्रम औचित्यपूर्ण हुने उनको तर्क छ । 'सम्मेलन अर्थपूर्ण हुन श्रमिकको हातमा रोजगारी पर्नुपर्‍यो, आश्वासन होइन । विज्ञ राखेर सुझाव लिने अनि फेरि अर्को वर्ष पनि त्यसै गर्ने गर्दा अर्थहीन हुन्छ,' उनी भन्छन् ।

अर्कोतर्फ यस्ता कार्यक्रमलाई केन्द्रिकृत नगरी प्रत्येक स्थानीय तहमा लाने हो भने यसको आफ्नै महत्त्व भएको उनको भनाइ छ । काठमाडौंमा कार्यक्रम गरिनुले कुनै अर्थ नराख्ने उनी बताउँछन् । 'यस्ता इभेन्ट काठमाडौंमा या पोखरा या विराटनगरमा होलान्, त्यहाँ मन्त्रीहरू गएर रिबन काटेर समापन गरेर आउँछन्, यो सान्दर्भिक हुँदैन,' श्रमविद् नेपाल भन्छन्, 'हामीसँग संघीय संरचना भएको अवस्थामा काठमाडौंमा गरिएको सम्मेलनले कत्तिको महत्त्व राख्छ भन्ने मेरो प्रश्न हो ।'

त्यसैगरी मन्त्रालयको काम सम्मेलन गर्दै हिँड्नेभन्दा पनि नीतिलाई कार्यान्वयन गराउने भएको उनको भनाइ छ । यद्यपि, नेपाल सरकार रोजगारीको अवस्थामा कुन ठाउँमा रहेछ भन्ने जानकारी भने सम्मेलनले दिने उनी बताउँछन् ।

■■■

## यी हुन् घोषणापत्र...

११) 'सूचना प्रविधि र आन्तरिक रोजगारीः युवाहरूका लागि नयाँ अवसरहरूको तयारी' भन्ने उद्देश्यका साथ सूचना पविधि र स्टार्ट अप कार्यक्रमहरू तय गरी लागू गरिने छ ।

१२) प्राविधिक शैक्षिक संस्था तथा प्रशिक्षण प्रतिष्ठानसँगको सहकार्यमार्फत् श्रमबजारको माग र आपूर्तिबीच रहेको सीपको खाडल पूरा गरिने छ ।

१३) प्रभावकारी श्रम कूटनीतिमार्फत वैदेशिक रोजगारलाई व्यवस्थित, सुरक्षित र मर्यादित बनाउँदै बाध्यात्मकरूपमा वैदेशिक रोजगारमा जानुपर्ने अवस्थाको अन्त्य गर्नका लागि नीतिगत तथा कानुनी सुधार गरिने छ ।

१४) नेपालमा रहेको अनौपचारिक क्षेत्रका श्रमिकहरूलाई तोकिएबमोजिमको न्यूनतम पारिश्रमिक र लैंगिक समानता सुनिश्चित हुनेगरी क्रमशः औपचारिक क्षेत्रमा ल्याउन नीतिगत सुधार एवं कार्यक्रमहरू सञ्चालन गरिने छ ।

१५) नेपालमा श्रम र रोजगारका क्षेत्रमा भएका अनुसन्धान र विकासलाई नीति निर्माणका लागि पृष्ठपोषणका लागि सदुपयोग गरिने छ ।

१६) उद्योग प्रतिष्ठानहरूमा व्यवसायजन्य सुरक्षा र स्वास्थ्य कार्यक्रमलाई अन्तर र्राष्ट्रिय मापदण्डअनुरूप स्तरोन्नति गरिने छ ।


## वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८१/११/२८)**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व. २०८०/०८१ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको गोलिया थान २१० को २१८८.८३ क्यु. फिट काठ र साल जातको दाउरा ४.५ चट्टा जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री त्रिवेणी सामुदायिक वन उपभोक्ता समूह**
कमलामाई नगरपालिका वडा नं.-८, सिन्धुली



**साउदीमा रोजगार** कम्पनी : ALYAH ALASAS TRADING ESTABLISHMENT शहर : RIYADH
पूर्व स्वीकृति मिति : २०८१/११/२७ LT. No. 320145 चलानी नं. ६०२३४२९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 2 | 0 | 1000 | ३७,२४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत ६ गते (19th March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ISHAN INTERNATIONAL OVERSEAS PVT. LTD. श्रम ईजाजत नं. ११९५/०७३/७४
Head Office: Sinamangal-9, kathmandu, Kathmandu, Bagmati, Tel: +01-4796201, Branch Office: Atithi Sadan Road, Birtamode, Jhapa, Tel: +23-590306, 590307
Email: isonepalos@gmail.com, URL: www.ishanint.com



**युएइमा रोजगार** कम्पनी : DEYAAR FACILITIES MANAGEMENT LLC
पूर्व स्वीकृति मिति : २०८१/०८/०५ पूर्व स्वीकृति मिति : २०८१/११/२७ LT. No. 313834 चलानी नं. ६०२२८३५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners Female | 0 | 20 | 800 | ३०,४३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaners Male | 80 | 0 | 800 | ३०,४३२ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत ६ गते (19th March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


SKY STAR RECRUITMENT PVT LTD Govt.Lic. No 1078/073/74
Sukedhara- 4, Kathmandu, Nepal, T: 01-5902344 / 5902346
Email:- sky.starlabourdept@gmail.com, Web: www.skystarrecruitment.com



**साउदीमा रोजगार** कम्पनी : BUSINESS ALLIANCE COMPANY LTD.
पूर्व स्वीकृति मिति : २०८१/११/१५ LT. No. 320148 चलानी नं. ६०२३४२९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 3 | 0 | 1000 | ३७,२४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत ६ गते (19th March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


S.N. Recruiting Service Pvt Ltd Govt. License 1284/074/75
Nagarjun-2, Kathmandu, Nepal Tel: 014890823, 9803334884, E-mail : snrecruitingnepal@gmail.com



**साउदीमा रोजगार** कम्पनी : UR SWEETS FACTORY FOR SWEETS
पूर्व स्वीकृति मिति : २०८१/११/२७ LT. No. 320136 चलानी नं. ६०२३४२५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Cleaning Worker | 2 | 0 | 1000 | ३७,२४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत ६ गते (19th March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


AL-HERA OVERSEAS PVT. LTD. श्रम ईजाजत नं. ५०१/०६१/०६२
Tilganga, Ktm, Nepal, Tel: +977-1-4465886, 4465902, E-mail:alheraoverseas@ntc.net.np, jaynulrain@yahoo.com, khatunrain78692@gmail.com, Website :www.al-heraoverseas.com



**जोर्डन/युएइमा रोजगार** कम्पनी : AL ALAMIA EMPLOYMENT & RECRUITN CO FOR BRINGING & USING NON JORDANIANWORKERS
पूर्व स्वीकृति मिति : २०८१/०१/२० पुनः विज्ञापन स्वीकृति मिति : २०८१/११/२७ LT. No. 304025 चलानी नं. ६०२१८८८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब USD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic worker/housemaid | 0 | 5 | 350 | ४८,८३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Office Secretary (Female) | 0 | 1 | 400 | ५५८०९ | | | | | | | |

शून्य लागतमा कामदारलाई Jordan मा रोजारगारी

कम्पनी : B V M PLASTER WORKS CO. L.L.C
पूर्व स्वीकृति मिति : २०८१/११/२७ LT. No. 320169 चलानी नं. ६०२३४३३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ASSISTANT TILE LAYER | 1 | 0 | 1200 | ४५,५८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Plumber Assistant | 1 | 0 | 1200 | ४५,५८२ | | | | | | | |
| 3 | Steel Fixers | 3 | 0 | 1200 | ४५,५८२ | | | | | | | |
| 4 | TILE LAYER. | 1 | 0 | 1200 | ४५,५८२ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत ६ गते (19th March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Eurocross International Pvt. Ltd. श्रम ईजाजत नं. ९९५/०६८/०६९
Airport, Sinamangal-09, Kathmandu, Nepal.
Tel: +977-9813287381, 9801101353



**युएइमा रोजगार** कम्पनी : K.T.S ELECTROMECHANICAL EQUIPMENT INSTALLATION AND MAINTENANCE CO LLC
पूर्व स्वीकृति मिति : २०८१/११/२६ LT. No. 320108 चलानी नं. ६०२३४२८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrician Assistant | 5 | 0 | 1200 | ४५,६४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | electrition | 5 | 0 | 1260 | ४७,९३० | | | | | | | |
| 3 | STONE MASON | 1 | 0 | 1260 | ४७,९३० | | | | | | | |
| 4 | TILE LAYER WORKERS | 1 | 0 | 1260 | ४७,९३० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत ६ गते (19th March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


C. D. HUMAN RESOURCES PVT. LTD. Govt. License No. 1048/073/074
Sinamangal-9, Tatra Hallchowk, Kathmandu, Nepal, Tel: (977)-1-4486262
E-mail : info@cdnepal.com, cdhr007@gmail.com, Web: www.cdnepal.com



**साउदीमा रोजगार** कम्पनी : ESTABLISHMENT SOUF BRITAIN COMMERCIAL
पूर्व स्वीकृति मिति : २०८१/११/२७ LT. No. 320156 चलानी नं. ६०२३३५८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sweet Maker | 2 | 0 | 1500 | ५५,८६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत ६ गते (19th March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Career International Services (P.) Ltd. License No. : 646/063/064
धुम्वाराही, पिपलबोट, काठमाडौं, फोन : ४००९६४१, ४००९६४३, Email : info@career-intl.com, Website : www.career-intl.com



**कतारमा रोजगार** कम्पनी : SLYWSHN DYKWR
पूर्व स्वीकृति मिति : २०८१/११/२७ LT. No. 320170 चलानी नं. ६०२३४३१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GYPSUM TECHNICIAN | 3 | 0 | 1200 | ४६,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | LABOUR | 2 | 0 | 1000 | ३८,३५० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत्र ६ गते (19th March 2025) मा हुनेछ ।

नोट : WALL PAPER FIXER, SPRAY PAINTER, PARKETING को माग भएकोले इच्छुक व्यक्तिहरुले सम्पर्क गर्नुहोला

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


CONFIDENT INTERNATIONAL MANPOWER PVT.LTD श्रम ईजाजत नं. १४२३/०७४/७५
Sinamangal-9, Kathmandu, Nepal, Ph. No: 01-5918958, 5918957
E-mail : confident1423@gmail.com Web: www.confidentmanpower.com



**बहराइनमा रोजगार** कम्पनी : AROMA SALON
पूर्व स्वीकृति मिति : २०८१/११/२७ LT. No. 317083 चलानी नं. ६०२३४३२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 5 | 150 | ५५,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत्र ६ गते (19th March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Chinari Overseas Pvt. Ltd. Govt. License 1165/073/074
Dhumbarahi, Kathmandu, Nepal, Tel : +977-1-4372922/ 4376922, E-mail : chinarioverseas@gmail.com Website :chinarioverseas.com



**Qatar मा रोजगार** 1. Malavilla for Water production & Bottling
पुन विज्ञापन, पुर्व स्वीकृती मितिः २०८१/७/२३ चलानी नं. ६०२२७८०५ LT No.: 313068

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Labourer (Male) | 2 | 0 | काममा दक्ष | 1000 | ३८,३००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| २. | Supervisor | 15 | 0 | | 2500 | ९५,९००।- | | | | | | | |

2. Al Emtiyaz Factory पुन विज्ञापन, पुर्व स्वीकृती मितिः २०८१/०७/२५ चलानी नं.: ६०२२७८०४ LT No.: 313069

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Labourer (Male) | 1 | काममा दक्ष | 1000 | ३८,३००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | रु. ७,००/- कामदार आफैले | नि:शुल्क |

अन्तरवार्ता २०८१ चैत्र ६ गते (19 March, 2025) यस प्रा. लि. को कार्यालय सिनामंगल काठमाडौंमा हुनेछ ।

POWER EMPLOYMENT PVT. LTD. Lic. No.: 1194/073/074
Sinamangal, Kathmandu, GPO Box : 43435, Ph. : 01-4483830, 4488308
Email : poweremploymentnepal@gmail.com



### स्थानीय सरकार

# सान्नीत्रिवेणी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

मेहलमुडी, कालीकोट
कर्णाली प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशन मिति : २०८१/११/२८**

यस कार्यालयको आ.व. २०८१/०८२ मा Sannighat to Rural Municipality Road Upgrading Project Sannitriveni, Kalikot (ठेक्का नं. STRM/KKT/W/NCB/01/2081/082) मिति २०८१/०९/१९ को प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना रितपूर्वक दर्ता भएका बोलपत्रहरू मूल्याङ्कन समितिबाट मूल्याङ्कन भई मिति २०८१/११/१८ मा कान्तिपुर दैनिक पत्रिकामा प्रकाशित प्राविधिक प्रस्तावमा योग्य देखिएका प्रस्तावकहरू मध्ये तपसिल बमोजिमको बोलपत्र प्रस्ताव न्यूनतम मूल्याङ्कित र सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिको लागि सिफारिस भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२)को प्रयोजनार्थ बोलपत्र स्वीकृतको आशयको सूचना सम्बन्धित बोलपत्रदाताको जानकारीको लागि प्रकाशित गरिएको छ।

**तपसिलः**

| सि. नं. | ठेक्का नं. | योजनाको नाम | आशयपत्र दिएको फर्मको नाम ठेगाना | मू.अ.कर सहित कबोल गरेको अंक रू. | कैफियत |
|---|---|---|---|---|---|
| 1 | STRM/KKT/W/NCB/01/2081-082 | Sannighat to Rural Municipality Road Upgrading Project Sannitriveni,Kalikot | M/S Heaven/ Nisan JV, Manma-5, Kalikot. | 14824813.00 (One Crore Fourty-eight lakh twenty four thousand eight hundred thirteen rupees) | |

**प्रमुख प्रशासकीय अधिकृत**

# संसद्को भूमिका प्रभावकारी बनाउनुपर्छ : राष्ट्रपति



**काठमाडौं (प्रस)–** राष्ट्रपति रामचन्द्र पौडेलले संघीयता, सुशासन र विधिको शासनलाई सुदृढ बनाउनुपर्नेमा जोड दिएका छन् । त्यस निम्ति उनले सरकारलाई जिम्मेवार र जनताप्रति उत्तरदायी बनाउन संसद्को भूमिका प्रभावकारी हुनुपर्ने बताए ।

राष्ट्रपति कार्यालयमा मंगलबार आयोजित अन्तरव्यवस्थापिका मञ्चको पोखरा घोषणापत्र हस्तान्तरण कार्यक्रममा राष्ट्रपति पौडेलले भने, 'संघीयता, सुशासन र विधिको शासनलाई सुदृढ बनाउन सरकारलाई जिम्मेवार र जनताप्रति उत्तरदायी बनाउन संसद्को भूमिका अझ प्रभावकारी बनाउने दायित्व तपाईंहरूको काँधमा छ ।'

राष्ट्रपति पौडेलले कतिपय महत्त्वपूर्ण निर्माणमा विलम्ब भएको र संसद्मा जनसरोकारका विषयमा पर्याप्त छलफल नभएको गुनासो सार्वजनिक भइरहेको सन्दर्भमा संसद्को नेतृत्वकर्ताका हैसियतलले यो अवस्थालाई हटाएर संसद्लाई सार्वभौम जनताको आवाज मुखरित हुने थलोको रूपमा विकास गर्न सरकारलाई सुझाए । उनले भने, 'संसदीय अभ्यासबाट सिक्ने अवसरलाई आत्मसात् गर्दै आगामी दिनमा पनि सक्षम, जवाफदेही र जनउत्तरदायी संसद् निर्माण गर्न तपाईंहरूबाट अतिरिक्त तत्परताको अपेक्षा गरेको छु ।'

संसद्ले प्रभावकारी कानुन निर्माण, बजेट निर्माण, नीति निर्धारण र जनताका आवाज बुलन्द बनाउने थलोका रूपमा आफूलाई उभ्याउनुपर्ने विचार व्यक्त गरेको राष्ट्रपतिको निजी सचिवालयले जनाएको छ । संघीय संसद्ले समावेशी, दीर्घकालीन र विकासमैत्री कानुनी संरचना निर्माण गर्नुपर्ने राष्ट्रपति पौडेलको धारणा थियो । उनले भने, 'कानुन निर्माण तथा पारदर्शिता लोकतान्त्रिक व्यवस्थाको सुन्दर पक्ष हो । अतः संसद्को भूमिकालाई अझै मजबुत बनाउँदै संघीयताको सफल कार्यान्वयनका लागि तपाईंहरूको सहयोग अपरिहार्य छ ।'

# बाहुनडाँगीमा हात्तीभन्दा बढी बाँदर आतंक

**झापा–** मेचीनगर नगरपालिका-४ मा हात्तीभन्दा बढी बाँदरले आतंक मच्चाउन थालेको स्थानीयको गुनासो छ । स्थानीयका अनुसार बाँदरले खेतबारीमा लगाएको अन्नबालीमात्र नभएर घरमै भण्डारण गरेको अन्न र पकाएर राखेको भातसमेत खाइदिएर हैरान पारेको छ ।

कोरोना महामारीका समयमा बस्ती पसेका बाँदरले निरन्तर दुःख दिन थालेपछि स्थानीय हैरान भएका हुन् । वडा नं ४ की ४५ वर्षीया लीला बस्नेतले बाँदरका कारण बसाइँ सर्नुपर्ने अवस्था सिर्जना भएको बताइन् । 'बारीको त कुरा छाडौं न, पकाएर राखेको भात पनि खान पाउन छाडियो,' उनले भनिन्, 'हात्तीले त दुःख दिएकै थियो अब बाँदरले पनि बसिखान दिएन, बसाइ नै हिँड्नुपर्ने भइसक्यो ।' उनले पहिला पहिला मान्छे देख्नेबित्तिकै भाग्ने बाँदर अचेल महिला केटाकेटीमात्र देखे भने झम्टिएर आउने गरेको बताइन् ।

बारीमा लगाएको मकै, गहुँ, केरा, सुपारीलगायत मौसमी अन्नबाली र फलफूल सबैमा बाँदरले क्षति गर्दै आएको स्थानीय कुसुम गौतमले बताइन् । स्थानीय क्षेत्रको चिया बगान, सामुदायिक वन र बाँसघारीलाई बासस्थान बनाएर बसेका बाँदर नखेद्ने हो भने बाँहुनडाँगीवासीले गाउँ छाडेर हिँड्नुको विकल्प नभएको उनको भनाइ छ ।

मेचीनगर-४ का वडाध्यक्ष अर्जुन कार्कीले विगत पाँच वर्षदेखि बाहुनडाँगी क्षेत्रमा बाँदरले दुःख दिँदै आएको बताए । उनले हाल बाहुनडाँगीमा जंगली हात्तीको आतंकभन्दा बाँदर आतंक बढी भएको बताए । 'हात्तीले त खेतबारीको अन्नबालीमात्र खाइदिन्थ्यो,' उनले भने, 'बाँदरले त चुलोमा पकाएर राखेको भात नै खाइदिँदोरहेछ, यसको नियन्त्रणबारे छलफल भइरहेको छ विधि पत्ता लगाउन सकेका छैनौं ।' उनले किसानलाई थोरै भए पनि राहत उपलब्ध गराउने उद्देश्यले वन्यजन्तुबाट अन्नबालीमा पुर्‍याएको क्षतिको वडामा परेका निवेदनका आधारमा राहत दिँदै आएको बताए । उनले किसानलाई राहत दिने उद्देश्यले नै निकट भविष्यमै बाहुनडाँगीवासीका सबै प्रकारका कृषि बालीमा बिमा गरिदिने सोच राखेको बताए । *रासस*

## शुक्लाफाँटा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

झलारी, कञ्चनपुर

सुदुरपश्चिम प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(सूचना प्रकाशित मिति २०८१/११/२८)**

यस कार्यालयको आ.व.२०८१/८२ अन्तर्गत तपसिल वमोजिमको खरिद कार्यका लागि मिति २०८१/१०/१३ र २०८१/१०/१५ गतेको राष्ट्रियस्तरको पत्रिकामा प्रकाशित सुचीअनुसार न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही देखिन आएका बोलपत्र स्वीकृतका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सोहि ऐनको दफा २७ को उपदफा (२) र (३) बमोजिम सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का नं. | खरिद कार्यको विवरण | छनौट भएको बोल पत्रदाताको विवरण | कबोल अंक (मु.अ.कर बाहेक) |
|---|---|---|---|---|
| 1. | SMP/081-82/ NCB/GOODS/28 | Procurement and Installment of Health Equipments in Shuklaphanta Municipality | Balaji Surgical Suppliers Dhangadhi, Kailali | 4619800.00 |
| 2. | SMP/081-82/ NCB/MED/29 | Procurement of medicines in Shuklaphanta Municipality Office, Jhalari Kanchanpur | Glolobe Drug Suppliers, Dhangadhi-1, Kailali | 712498.00 |

सुदूरपश्चिम प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

## टीकापुर अस्पताल

टीकापुर, कैलाली।

### रासनको बोलपत्र प्रकाशित सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१/११/२८**

यस अस्पतालको तपसिल बमोजिमको कार्यको लागि विद्युतीय बोलपत्र (NCB/GOODS) सम्बन्धी प्रकाशित सूचनाको विस्तृत विवरण यस अस्पतालको वेबसाइट www.tikapurhospital.gov.np र http://www.bolpatra.gov.np/egp मा अप्लोड गरिएको बिड डकुमेन्टमा राखिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

**तपसिलः**

TH/KAILALI/NCB/GOODS/08/2081-082 (Supply and Delivery of Rasan Goods)

प्र.मे.सु.

# भेटिएका सवारीसाधन सम्बन्धित धनीलाई हस्तान्तरण



**काठमाडौं (प्रस)–** काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले विभिन्न मितिमा हराएका २० वटा दुई पांग्रे सवारीसाधन खोजी गरी सम्बन्धित धनीलाई हस्तान्तरण गरेको छ । रामशाहपथस्थित कार्यालयमा मंगलबार आयोजित कार्यक्रममा कार्यालयका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक विनोद घिमिरेले छ वटा मोटरसाइकल र १४ वटा स्कुटर सम्बन्धित धनीलाई हस्तान्तरण गरे ।

सवारीसाधन हराएको भनी प्राप्त निवेदनका आधारमा खोजतलास थालेको प्रहरीले वास्तविक र नक्कली नम्बर प्लेट राखी सञ्चालन गरेको अवस्थामा काठमाडौंको युएनपार्क, एयरपोर्ट, नयाँबसपार्क, गुह्येश्वरी, गौशाला, सुन्दरीजल, कालीमाटी, ठमेल, मालिगाउँ, चुनदेवी, जगाती, दीपज्योती, बौद्ध, गोकर्णेश्वर, नरेफाँट र नेपालटारलगायतका स्थानबाट ती सवारीसाधन फेला पारेको जनाएको छ । ट्राफिक प्रहरीले चालु आर्थिक वर्षमा हालसम्म ३३७ वटा हराएका सवारीसाधन फेला पारी धनीलाई जिम्मा लगाइसकेको छ । चोरीका ३६ वटा सवारीसाधनसहित त्यसमा संलग्न ५३ जनालाई आवश्यक कारबाही प्रक्रिया अघि बढाएको प्रहरीले जनाएको छ ।

हराएको सवारीसाधन फेला पारी हस्तान्तरण गरेकामा सवारीधनीहरूले ट्राफिक प्रहरीलाई धन्यवाद दिएका थिए । ट्राफिक प्रहरीले आर्थिक वर्ष २०७९/८० मा ४९९ र आव २०८०/८१ मा ४१७ वटा दुई पांग्रे सवारीसाधन खोजतलास गरी धनीलाई हस्तान्तरण गरेको थियो ।

उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रहरी उपरीक्षक दिपक गिरीले सवारीसाधन चोरी तथा हराउनबाट रोक्न आफ्नो सवारीसाधन सुरक्षित स्थानमा पार्किङ गरी ह्वील लक, चेन लक, ह्यान्डिल लक, डिस्क लकलगायत सुरक्षा साइरन जडान गर्न आग्रह गरे ।

## PRiME COMMERCIAL BANK LTD.
## प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ, फोन नं.: ०१-४५२३४३२/३४/३६

शाखा कार्यालय: कालिमाटी, काठमाण्डौ, फोन नं. ०१-५३८३५०२

शाखा कार्यालय: पथरी, मोरङ्ग, फोन नं. ०२१-५५५४०१

को

### शाखा कार्यालय कालिमाटी, काठमाण्डौको तपसिलमा उल्लेखित ऋणीको धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना

**(प्रकाशित मिति २०८१/११/२८ गते)**

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको शाखा कार्यालय कालिमाटी, काठमाण्डौबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणी र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना २०८१/१०/२१ गतेको कारोवार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबै लाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्न पठाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

**ऋणीको विवरण**

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०५९/०२/१६ मा दर्ता.नं. १८७८४/५८/०५९ कायम भई दर्ता भएको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १०, नयाँ बानेश्वर स्थित **सप्तकोशी जलाधार निर्माण कम्पनी प्रा.लि. (साविक कोशी एण्ड न्यौपाने निर्माण सेवा प्रा.लि.)**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. दिन दयाल वोहोराको नाति, कृष्ण कुमार वोहोराको छोरा, मोरङ्ग जिल्ला, कटहरी गा.वि.स/न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **भावेश वोहोरा (ना.प्र.नं. ०५-०१-६९-००७८६, मोरङ्ग)**

२. नारद भण्डारीको नाति, तुलसीधर भण्डारीको छोरा, कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. ५, स्थित स्थायी ठेगाना भएको **मनोज कुमार भण्डारी (ना.प्र.नं. ३०४६१, कैलाली)**

३. तुलसीधर भण्डारीको बुहारी, मनोज कुमार भण्डारीको पत्नी, झापा जिल्ला, अनारमनी गा.वि.स/न.पा. वडा नं. ३, स्थित स्थायी ठेगाना भएको **मन्जु अधिकारी (ना.प्र.नं. ०१२८४८२५, झापा)**

**धितोमा रहेको सम्पत्तिको विवरण**

१ **मन्जु अधिकारीको** नाममा मालपोत कार्यालय रंगेली, मोरङ्गको लगतमा दर्ता श्रेस्ता कायम रहेको मोरङ्ग जिल्ला, दर्वेशा गा.वि.स./न.पा. वडा नं. ८ (सिट नं. ८/ङ) स्थित कित्ता नं. २३३, ४८४, २३६, ५८६, ५४३, ५८८, ५९०, ५८९ र (सिट नं. ८/ज) स्थित कित्ता नं. १३१ को क्रमश: क्षेत्रफल ०-१६-९-०, ०-१९-६-२, ०-६-११-०, ०-१-११-०, ०-१०-०-०, ०-८-०-२, १-४-१४-२, ०-१८-०-० र ०-१०-०-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

२. **प्राइम कमर्सियल बैंक लिमिटेडको नाममा यातायात व्यवस्था कार्यालयहरुमा दर्ता रहेको तपसिल बमोजिमको सवारीसाधनहरु:**

| क्र.सं. | सवारीको मोडल | इन्जिन नं. | च्यासिस नं. | दर्ता नं. |
|---|---|---|---|---|
| १. | Santul Motor Grader – SG.14 -2018 | 78623986 | CHSG14AAVJ1000311 | बा. २ क. ९८४९ |
| २. | Excavator JCB S220 tra -2017 | H00139526 | PUNJS.22.CH.H2544114 | बा. ३ क. १८३६ |
| ३. | Tripper Pro1080XPC4.5 -2018 | E413CDGF094265 | MC2C8CRCOGF347849 | बा. ३ क. २०२९ |
| ४. | Pro1080XPCD SD Truck -2017 | E413CDHM179550 | MC2C1CRC0HM389200 | बा. ३ क. २०३० |
| ५. | Tractor 5500 -2018 | 224849DT | NH2417004 | लु. ४ त. २४३४ |
| ६. | Tractor 5500 -2018 | 224848DT | NH1417000 | लु. ४ त. २४३५ |
| ७. | Tractor 7500 -2018 | 225139NT | NH1417350 | लु. ४ त. २४३६ |
| ८. | Tripper CLA25.23 -2018 | 6DJC29241 | MBKMC50B4JN0211119 | ना. १ क. ८४९७ |
| ९. | Tripper CLA25.230 -2018 | 6DJD29082 | MBKMC5DB0JN021151 | ना. १ क. ८५८७ |
| १०. | Tripper CLA25.230 -2018 | 6DJD29063 | MBKMC5DB6JN021140 | ना. १ क. ८७८६ |
| ११. | Tripper CLA25.230 -2018 | 6DJC29016 | MBKMC5DB8JN021091 | ना. १ क. ८७८७ |

**धितो लिलामी बिक्रीका शर्तहरु :**

१. बोलपत्र आवेदन फारम मिति २०८१/११/२८ गते बुधबार देखि यस बैंकको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु कालिमाटी, काठमाण्डौ र पथरी, मोरङ्गबाट प्राप्त गर्न सकिनेछ ।

२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।

३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको Inter Department A/C LRD (००१-९९३१०२००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको A/C Payee Cheque संलग्न गर्नुपर्नेछ ।

४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।

५. शिलबन्दी बोलपत्र मिति २०८१/१२/१३ गते बुधबार कार्यालय समय भित्र धितोमा रहेको सवारीसाधनहरुको हकमा यस बैंकको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभागमा तथा धितोमा रहेको जग्गाको हकमा शाखा कार्यालय पथरी, मोरङ्गमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन।

६. शिलबन्दी बोलपत्र मिति २०८१/१२/१४ गते बिहिबार दिउँसो ४:०० बजे शर्त नं. ५ मा उल्लेख भए अनुसारको शिलबन्दी बोलपत्र दर्ता भएको यस बैंकको सम्बन्धित कार्यालयहरुमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।

७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पत्ति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पत्ति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।

८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरूलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको सम्बन्धित कार्यालयहरुबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।

९. सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु कालिमाटी, काठमाण्डौ र पथरी, मोरङ्गमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# सरकारको छायामा 'मिनी संसद्'

जब जब सरकार बलियो हुन्छ, सदन र संसदीय समिति कमजोर बनेको देखिन्छ । सदनको काम विशेषगरी कानुन बनाउने हो । कानुन निर्माणमा ढिलासुस्ती हुनुका कारण अन्तर्राष्ट्रिय तवरमै नेपालको स्तर खस्कँदो छ । समयमा केही पनि नगर्ने नेपाली नीति जति ठूला कुरा गरे पनि सरकार र संसद्मा देखिएको छ । जसका कारण अर्थतन्त्र थिलथिलो बनिसकेको छ । यसले गर्दा नेपाल अर्थतन्त्रसम्बन्धी अनुगमन गर्ने निकाय एफएटिएफको 'ग्रे लिस्ट'मा परिसकेको छ । जनताले आफ्नो क्षेत्रका प्रतिनिधित्व हुनेगरी चुनावबाट कुनै व्यक्तिलाई सदनमा पठाउँछ । उक्त प्रतिनिधिको चाहना विधेयक वा कानुन बनाउने भन्दा पनि विकासका लागि बजेट कसरी लैजाने भन्नेमा बढी देखिन्छ ।

यसले गर्दा जनप्रतिनिधिको ध्यान कानुनतिर हैन बजेट कसरी पार्ने भन्नेमा हुन्छ । यसको मुख्य कारण हो भोटको राजनीति । फेरि पनि चुनाव जित्न ऊ बजेट पार्ने दाउमा कम्मर कसेर लाग्छ । यता कानुन बनाउने कुरामा प्रतिनिधिको ध्यान नै हुँदैन । कानुन बनाउनु सामान्य कुरा पनि हैन । यसका लागि अध्ययन अनुसन्धान चाहिन्छ । र, भाविष्यमा हुनसक्ने सम्भावित कानुनी उपचार र विगतका पाठहरूको पनि विश्लेषण र चिरफार गर्न सक्नुपर्छ ।

यद्यपि संसदीय समितिमा यस्तो खालको अभ्यास भएको देखिन्न । एक त सरकारको तयारीपछि मात्र संसदीय समितिमा विधेयकहरू छलफलका लगिन्छ । अर्को झारा टार्ने किसिमले औपचारिकता पूरा गर्न मात्र विधेयकहरू संसदीय समितिमा लगिन्छ । यसको मुख्य कारण हो कानुनी विषयमा सांसदहरूले कानुनी ज्ञान राख्न नसक्नु । सरकारले संसदीय समितिमा छलफल होस् भन्ने चाहे पनि सांसदहरू नै यस विषयमा समितिमा छलफल गर्न चाहँदैनन् ।

यस्ता गहन विषयमा छलफल हुनुपर्नेमा बरु व्यक्तिगत विषयमा आलोचना गरेर सांसदहरू समय बिताउँछन् । प्रत्यक्ष निर्वाचित सांसद र पुरुष सांसदहरू संसदीय समितिमा बस्न रुचाउँदैनन् । उनीहरू हाजिर गरी भत्ता बुझेर कुदिहाल्छन् । संसदीय समितिको जिम्मा समानुपातिक र अझ बढीजसो महिला सांसदहरूलाई जिम्मा लगाएर अरु सांसद कार्यकर्ता भेटघाटमा दौडिन्छन् । कुनै सार्वजनिक खपतका लागि बोल्नुपर्ने विषयमा भने सांसदहरू ढुकेरै बसेका हुन्छन् समितिमा । तर कानुन बनाउनेजस्तो गम्भीर विषयमा ज्ञान र ध्यान देखिन्न । त्यसैले पनि कानुन बनाउने विषयमा प्रशिक्षणको व्यवस्था गरेर हुन्छ या कसरी सांसदहरूलाई पूर्वतयारी गर्नुपर्ने देखिन्छ । संसदीय समिति सरकारको छायामा पर्नु कदापि राम्रो होइन । त्यसैले 'मिनी संसद्'लाई प्रभावकारी बनाउन छायामुक्त बनाउन जरुरी छ ।

## श्रम सरोकार

### वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि आवश्यक जानकारी

- वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएरमात्र जानुपर्दछ ।
- सरकारले खुला गरेका मुलुकहरूबाहेक वैदेशिक रोजगारका लागि जान नहुने देशहरू विभागको वेबसाइटमा हेर्न सकिन्छ ।
- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारमा जान पाइँदैन । खाडी मुलुकमा जान महिला घरेलु कमदारको हकमा २४ वर्ष उमेर पूरा भएको हुनुपर्दछ ।
- श्रम स्वीकृति लिएर व्यक्तिगतरूपमा पनि वैदेशिक रोजगारमा जान सकिन्छ ।
- वैदेशिक रोजगारमा जानुअघि कम्तीमा १० लाख रूपैयाँ बराबरको बिमा गराउनुपर्दछ ।
- सरकारबाट स्वीकृति प्राप्त स्वास्थ्य संस्थामा स्वास्थ्य जाँच गराएर मात्र जानुपर्दछ ।
- वैदेशिक रोजगारमा प्रस्थान गर्नुअघि पूर्वप्रस्थान अभिमुखीकरण तालिम अनिवार्य लिनुपर्दछ । महिला कामदारले अभिमुखीकरण तालिमका लागि तिरेको रकम वैदेशिक रोजगार बोर्डबाट सोधभर्ना पाइन्छ ।
- वैदेशिक रोजगारमा जान रोजगारदाता र पठाउने कम्पनीसँग करार गर्नुपर्दछ ।
- श्रम स्वीकृतिका लागि करार अवधि तीन वर्षसम्मको भएमा एक हजार ५०० रूपैयाँ र तीन वर्षभन्दा बढीको भएमा दुई हजार ५०० रूपैयाँ कल्याणकारी कोषमा जम्मा गर्नुपर्दछ ।
- विभागले तोकेबमोजिम सीपको तालिम लिई सोको प्रमाणपत्र पेस गर्नुपर्दछ ।
- वैदेशिक रोजगारमा जाँदा स्वदेशी विमानस्थलको प्रयोग गर्नुपर्दछ ।
- म्यानपावर कम्पनीलाई तिरेको पैसाको रसिद लिनुपर्दछ ।
- सम्झौताबमोजिम रोजगार उपलब्ध नगराएमा कामदार वा निजको आफन्तले विभागसमक्ष क्षतिपूर्तिका लागि उजुरी दिन सक्ने छ ।
- कामदारले आर्जन गरेको रकम बैंक वा इजाजत प्राप्त बैंकिङ सेवा प्रदान गर्ने संस्थामार्फत स्वदेश पठाउनुपर्छ ।
- करारबमोजिम सुविधा नपाई कामदार अलपत्र परी स्वदेश फर्काउन परेमा म्यानपावरले नै स्वदेश फर्काउनुपर्ने छ ।
- कामदारले भिसाको म्याद, करार अवधि र श्रम स्वीकृतिको म्याद सकिएपछि स्वदेश फर्कनुपर्दछ ।
- रोजगारदातासँग भएको करार तथा सम्बन्धित मुलुकको कानुनको पालना गर्नु कामदारको कर्तव्य हुने छ ।

# विपद् जोखिम न्यूनीकरण र आर्थिक व्यवस्थापन



■ सुशील ज्ञवाली

नेपालमा भूकम्प, बाढी पहिरोजस्ता मनसुनजन्य विपद्, आगलागी जस्ता विपद्को समस्या लगातार देखिएको छ । पछिल्लो समय जलवायुजन्य विपद्को उपस्थिति पनि सघन बन्दै गएको छ । नेपालको हिमाल, पहाड र तराईजस्तो विविध भौगोलिक परिवेश र भूगर्भीय संरचनाले गर्दा यो भूगर्भीय हिसाबले संवेदनशील क्षेत्र हो ।

नेपाल हिन्द महासागरीय मौसमी क्षेत्रमा पर्ने भएकाले निश्चित अवधिमा वायु हिमालमा ठोक्किएर पानी पर्ने प्रवृत्ति प्रकट हुन्छ । वर्षायाममा पानीको प्रवाह बढ्नाले बाढी र पहिरोजस्ता विपद् सिर्जना हुन्छ । यसले कृषिजन्य क्षेत्र र आवासीय क्षेत्रमा क्षति पुऱ्याउँछ । सहरी क्षेत्रमा कंक्रिट संरचनाले पानीको निकासीमा समस्या ल्याउँछ, जसले डुबानको जोखिम बढाउँछ । अल्पवृष्टि र अनावृष्टिको कारण पनि विपद्को स्थिति उत्पन्न हुन्छ । भौगर्भिक हिसावले नेपाल टेक्टोनिक प्लेटमाथि अवस्थित छ । तिब्बती र हिन्द प्लेटको टकराव तथा त्यहाँ सञ्चित शक्तिका कारण हामीले भूकम्पीय जोखिमको सामना गर्नुपर्छ ।

## विपद्को व्यवस्थापन

विपद् व्यवस्थापन जुनसुकै देशका लागि पनि चुनौतीपूर्ण हुन्छ । यही चुनौतीपूर्ण हुने आकस्मिकरूपमा आउने र ठ्याक्कै अनुमान गर्न नसकिने भएकाले नै ठूलो र योजनावद्ध पूर्वतयारी हुनुपर्ने हुन्छ । विपद् आउनासाथ तत्काल उद्धारमा जुट्नुपर्छ, राहत उपलब्ध गराउनुपर्छ, गुमेका क्षति भएका चिजविचलाई पुनः प्राप्त गर्ने प्रयास गर्नुपर्छ, तत्काल जनजीवनलाई समान्य बनाउन सहजीकरण गर्नुपर्छ, र गुमेका क्षति भएका संरचना पुनर्निर्माण गर्ने र अन्ततत्वगत्वा आर्थिक सामाजिक पुनःस्थापनाका कार्य गर्नु विपद् व्यवस्थापनका सन्दर्भमा गर्नुपर्ने मूल चरणबद्ध कामहरू हुन् ।

यहाँ हामीले पाँचवटा मुख्य पक्ष देख्छौं । तर यही पाँच पक्षलाई सही ढंगले परिणामुखी बनाउनु चानचुने कुरा होइन । विपद्का विभिन्न स्वरूप र प्रवृत्ति छन् । सोहीअनुसारका असर हुन्छन् । सामान्य स्तरदेखि ठूला स्तरको विपद् आउँछन् तर कहिले र कसरी आउँछन् सामान्य अवस्थामा जानकारी हुने विषय होइनन् । यसर्थ विपद्लाई असाध्य सुझबुझपूर्ण अध्ययनमा आधारित नीतिगत तथा संरचनागत व्यवस्थापनमार्फत मात्र सम्बोधन गर्न सकिन्छ ।

## नीतिगत व्यवस्था

नेपालको संविधान, २०७२ ले विपद् व्यवस्थापनको जिम्मेवारी संघ, प्रदेश र स्थानीय तहमा कार्यविभाजन गरेको छ । सोहीअनुसार संस्थागत संरचनाको व्यवस्थापन गर्ने प्रयास गरिएको छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐनले संघीयस्तरमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण स्थापना गरेको छ । विपद्को स्तरअनुसार संघ, प्रदेश र स्थानीय तहको दायित्व तोकिएको छ, तर यसको वर्गीकरण र विस्तृत व्याख्या हुन सकेको छैन ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ अनुसार संघमा प्रधानमन्त्रीको अध्यक्षतामा परिषद् र गृहमन्त्रीको अध्यक्षतामा कार्यसमिति रहने व्यवस्था छ । प्रदेशस्तरमा मुख्यमन्त्रीको अध्यक्षतामा विपद् व्यवस्थापन समिति र स्थानीय सरकारमा मेयर तथा पालिका प्रमुखको अध्यक्षतामा समितिको व्यवस्था गरिएको छ । समन्वयात्मक भूमिकाका लागि जिल्लास्तरमा पनि विपद् व्यवस्थापन समितिको व्यवस्था छ ।

संघीय संरचनाअनुसार प्रधानमन्त्रीको अध्यक्षतामा रहेको अन्तरसरकारी समन्वय परिषद्ले विपद् व्यवस्थापनका लागि कसरी र कसले काम गर्ने भन्ने व्यवस्था गरेको छ । यद्यपि, यो कानुनी रूपले स्वीकृत हुन बाँकी छ । विपद्का विभिन्न स्वरूप व्यवस्थापन गर्दा प्राथमिक उद्देश्य जोखिम न्यूनीकरण हुनु हो । सकेसम्म विपद् नआउने अवस्था बनाउने, र आए पनि क्षति कम गर्ने उपाय खोज्नुपर्छ । संरचना प्रतिरोधी हुनुपर्छ, जस्तैः बाढी आउँदा नबग्ने पुल बनाउनुपर्छ । पूर्वाधार निर्माण गर्दा जोखिमको मूल्यांकन गरी निर्माण गर्नु सर्वोत्तम हो । विपद् सामान्यतया आकस्मिक हुन्छ र त्यसका प्रभावहरू पूर्वानुमान गर्न गाह्रो हुन्छ । तर, प्रभावलाई सम्बोधन गर्न उचित संरचनागत र आर्थिक व्यवस्था गर्नुपर्छ । 'आएपछि गरौंला' भन्ने सोच विपद् व्यवस्थापनको सही दृष्टिकोण होइन । राज्यले पूर्वतयारी गर्न सक्नुपर्छ । विपद् व्यवस्थापनमा कानुनी र नीतिगत व्यवस्थाले सम्पूर्ण जोखिमलाई विचार गरी योजना बनाउनुपर्छ ।

संघ, प्रदेश र स्थानीय तहले आ-आफ्ना योजना बनाउनुपर्छ । योजना बनाउँदा संरचना, निश्चित लक्ष्य र आवश्यक साधन स्रोतको व्यवस्था स्पष्ट हुनुपर्छ । उदाहरणका लागि, पूर्वपुनर्निर्माण प्राधिकरणले भूकम्पको व्यवस्थापन गऱ्यो, तर त्यस्ता अरू विपद्को संख्या र समाधानका उपायहरू तय गर्नु गम्भीर विषय हो ।

विपद् व्यवस्थापनका लागि व्यापक योजना आवश्यक छ । सबै प्रकारका विपद् र तिनका चक्रका चरण र आकारलाई सम्बोधन गर्न संघीय, प्रादेशिक र स्थानीय योजनाहरू बनाउनुपर्छ । यसरी मात्र जनशक्ति, पुँजी र संरचना व्यवस्थापनका लागि स्पष्टता मिल्छ ।

वित्तीय व्यवस्थापनका सन्दर्भमा जोखिम न्यूनीकरण र प्रतिरोधी संरचना निर्माणमा लगानी प्राथमिकता हुनुपर्छ । आयोजना विकास र निर्माणमा जोखिम मूल्यांकन (जस्तैः डिजास्टर एसेसमेन्ट स्क्रिनिङ) अनिवार्य बनाइनुपर्छ । यसले पूर्वाधार निर्माणको क्रममा जोखिम न्यूनीकरण र सम्भावित क्षति टार्न मद्दत पुऱ्याउँछ । मेलम्ची खानेपानी आयोजना यसको ज्वलन्त उदाहरण हो ।

लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृतको भूमिकामा आइसकेपछि निजी वा वैदेशिक जुनसुकै ठूला लगानीका परियोजनामा डिजास्टर रिस्क एसेसमेन्टलाई इआइएजस्तै अनिवार्य बनाउने कार्य अघि बढाएको छौं । यसो गर्दा आयोजना निर्माणकै क्रममा जोखिम न्यूनीकरण सम्भव हुन्छ । यसले परियोजनाको वित्तीय व्यवस्थामात्र नभई डिजास्टर जोखिम व्यवस्थापन पनि सुनिश्चित गर्दछ, जसले आयोजना दिगो बनाउँछ ।

## पुँजीगत व्यवस्थापन

अहिले नेपालले आफूलाई आवश्यक भएअनुसार कुनै पनि क्षेत्रमा पर्याप्त खर्च गर्न सक्ने अवस्थामा छैन । राज्य सञ्चालनका निर्धारित गतिविधि, जनताको सीमित आकांक्षाको सम्बोधन तथा विकास निर्माणजस्ता पूर्णअनुमानित तथा नियमित गतिविधिका लागि पनि पर्याप्त पुँजी नभएको अवस्था छ । यो अवस्थामा बढ्दो विपद्को ग्राफलाई सही ढंगले व्यवस्थापन गर्नु झनै चुनौतीपूर्ण छ । यसर्थ, नेपालमा विपद् जोखिमका लागि वित्तीय जोहो गर्न उपलब्ध विभिन्न उपकरणहरूको परिचालन गर्नुपर्छ ।

नेपालले २०७२ सालको भूकम्पपछिको अवस्थालाई असाध्यै राम्रोसँग सम्बोधन गरेको थियो । वास्तवमा हामीले गरेको काम र मोडेललाई दातृ निकाय तथा विकास साझेदारले अन्य मुलुकमा पनि अनुशरण गराएको पाइन्छ । तर, विडम्बना हाम्रै देशमा त्यसपछिका भूकम्पहरूमा अनुशरण भएन । साना स्केलका भूकम्पमा पनि हामी सकेनौं । किनभने हरेक विपद्पश्चात्को पुनर्निमाणमा नसक्नुमा पोस्ट डिजास्टर एसिसमेन्ट गर्ने, पछि डिपिआर बनाउने र बल्ल रकम आवश्यकताको पुष्टि हुन्छ । त्यसपछि दातृ निकाय सरकार जनताले के कति र कहाँ काम गर्ने भन्ने विस्तृत योजना बन्नुपर्छ । यस्तै खाका अनुसार भूकम्पपश्चात्को पुनर्निर्माणमा हामीले नौ खर्ब ३८ अर्ब रूपैयाँ चाहिन्छ भन्यौं । यसलाई केही संशोधन पनि गरियो तर मूल कुरा के भने पिडिआरएलाई हामीले छाडेनौं र सफलता पाउन सक्यौं ।

विपद्को वित्त व्यवस्थापन नेपालमा हुन नसकेको कुरा नै यही हो । पोस्ट डिजास्टर एसिसमेन्ट गरिँदैन भने रकम जनशक्ति समयजस्ता कुराको आवश्यकताको सही तस्बिर नै आउँदैन र त्यो नहुँदा दातृ निकाय वा अन्य पक्षले कहाँ के काम गर्ने भन्नेमै अलमल हुन्छ । नेपालमा अहिले यही नै भइरहेको छ । जाजरकोट भूकम्पपछिको व्यवस्थापनमा हामीले यही समस्या देख्छौं ।

## डिजास्टर रिस्क फाइनान्सिङ

राज्यसँग पैसा छैन भन्न पाइएला तर राज्य संरचनाले जनरक्षा र हितका लागि योजना छैन भन्न त पाइन्न । सही योजना बन्ने हो भने पैसा छैन भन्न पनि पर्दैन । त्यो नै व्यवस्थापन हो । राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले पैसा टन्न भएर सफलता प्राप्त गरेको होइन । निश्चित उद्देश्य, नीति र योजना तथा तिनको कार्यान्वयन र त्यसमाथि विश्वास आर्जनमार्फत सफलता प्राप्त गरेको थियो ।

यसर्थ विपद्का लागि मार्गचित्र स्पस्ट भएअनुसार स्रोत उपलब्ध हुन्छ । वित्त व्यवस्थापनका विविध उपकरण हामीले उपयोगमा ल्याउन सक्छौं । विपद् व्यवस्थानका लागि कोष परिचालन गर्ने अभ्यास विश्वव्यापी नै हो र नेपालले पनि यसको प्रयास गरेको छ । तर, सरकार वित्तीयरूपमा यस्तो अलि कमजोर छ । हामीले अतिरिक्त पुँजी आवश्यकतालाई सम्बोधन गर्न सकेको देखिँदैन । तर विपद् आउँदा अतिरिक्त रकम चाहिन्छ भन्ने बुझ्नुपर्छ । हामी विपद्का लागि एक्कासि रकम चाहिएको अनुभूत गरेर बजेट खोज्न थाल्छौं, जुन हुँदै नभएको वा अन्य कामका लागि विनियोजित बजेटले यस्तो काम गर्न सक्दैन । त्यसैले यो फाइनान्सको म्यानेजमेट भइरहेको छैन । हुनुपर्ने के हो भने हामीले यसमा भविष्यमा कस्ता जोखिम आउनसक्छ भनेर विस्तृत एसिसमेन्ट गर्नुपर्ने हुन्छ । यो दायित्व तीन तहकै सरकारका विपद् व्यवस्थापन हेर्ने निकायले गर्नुपर्ने हुन्छ । यसकै आधारमा भविष्यमा कति रकम आवश्यक पर्ला भन्ने आँकलन गर्नुपर्छ । यसअनुसार विपद् जोखिमलक्षित विभिन्न स्रोतहरू परिचालन गर्नुपर्ने हुन्छ । यसमा विभिन्न खाले उपायहरू छन्:

डिजास्टर रिलिफ फण्डः यस्ता कोषहरू तीन तहका सरकार मातहत रहनुपर्छ । प्रत्येक सरकारले आफ्नो कोषमा वार्षिकरूपमा राजस्वको निश्चित हिस्सा रकम जम्मा भइराख्ने व्यवस्था गर्नुपर्छ । र, यस्तो कोषमा योगदान गर्न दातृ निकायहरूलाई पनि लगाउन सकिन्छ । केन्द्रीय तहमा हाम्रो यस्तो कोष छ । तर नियमित रकम जाने व्यवस्था गरिएको छैन ।

बिमाको व्यवस्थापनः विपद्ले पार्ने क्षतिको भरणपोषण गर्न यसमा दुई विधि प्रयोग गर्न सकिन्छ । हाम्रा पूर्वाधारहरूलाई विपद्ले के-कस्ता असर पारिरहेका छन् वा पार्न सक्छ त्यो हेरेर पूर्वाधारहरूको बिमा गर्नुपर्ने हुन्छ । यसलाई नेपालमा व्यापक गराउनुपर्ने आवश्यकता छ । यसमा ठूला निकाय आफैंले क्षतिको सामना गर्ने गरी बिमा कोष बनाउन सक्छन् । जस्तो कि नेपाल विद्युत् प्राधिकरणले जलविद्युत् सम्बद्ध आफ्ना पूर्वाधारको बिमा व्यवस्थापन कोष खडा गरेर जान सक्छ ।

अर्को प्रिमियम विधि हो । यो भनेको हाम्रा सबैखाले पूर्वाधार तथा संरचनालाई बिमा कम्पनीहरूमा विपद् जोखिम बहन गर्ने गरी नियमित प्रिमियम तिर्ने व्यवस्था हो । जोखिमको बहनको आकारअनुसार पुनर्बिमा गर्ने अवस्थामा जानुपर्ने हुन्छ । व्यक्तिगत तवरमा तथा केही संस्थागतरूपमा पूर्वाधारहरूको बिमा गर्ने अभ्यास विश्वपरिवेशको तुलनामा नेपालमा नगण्यजस्तै छ । यसलाई व्यापक बनाउन जरुरी छ ।

क्याटस्ट्रोफिक बण्डः हामी पुँजीबजारमार्फत पनि यस्तो रकम जुटाउन सक्छौं । सरकारले चाहिएका बेला यस्तो रकम परिचालन गर्न सक्छ । हामी विकासकै लागि त बण्ड जारी गर्न नसकेका बेला यो अनौठो लाग्न सक्ला तर विश्वमा सरकारहरूले यस्तो गरिरहेका छन् । सरकारको ग्यारेन्टीमा जारी हुने यस्ता बण्डमा लगानी गर्दा वण्ड खरिद गर्दा निश्चित रकम पनि प्राप्त गरिरहेको हुन्छ भने सरकारले विपद्का बेला त्यस्तो रकम खर्च गर्न पाउँछ । कन्टिन्जेन्ट क्रेडिट फयासिलिटीः विभिन्न अन्तर्राष्ट्रिय वित्तीय संस्थाले विपद्को समयमा तत्काल ऋण उपलब्ध गराउने व्यवस्था गरेका छन् । यसलाई परिचालन गर्न सक्दा विपद् व्यवस्थापन सहज बन्ने छ ।

क्लाइमेट फाइनान्सिङः अर्को प्रभावकारी विधि क्लाइमेट फाइनान्सिङ हो । यसमा हरित बण्ड जारी गर्न सकिन्छ । ड्यामेज एण्ड लस फण्ड अर्को महत्त्वपूर्ण विधि हो । जलवायुका असर र कारण देशको भूगोलभित्र सीमित हुँदैनन् । त्यसैले नेपालले नखाएको विष भोग्नुपरेको चर्चा भइरहन्छ । यस्ता विषयलाई अन्तर्राष्ट्रिय समुदायमा प्रभावकारी ढंगले उठाउन सकेमा जलवायुजन्य जोखिम व्यवस्थापनका लागि पनि अन्तर्राष्ट्रिय स्रोतमार्फत रकम प्राप्त गर्न सकिन्छ ।

## व्यवस्थापनको निकाय

विपद्को वित्त व्यवस्थापन गर्ने निकायको सन्दर्भमा विश्वभर फरक अभ्यासहरू पाइन्छन् । कतिपय देशमा विपद् कोष व्यवस्थापनका लागि छुट्टै निकाय हुन्छ । त्यस्ता निकायले विपद्को सम्पूर्ण आयामलाई एकीकृतरूपमा हेरेर वित्तीय उपकरणको निर्माण तथा परिचालन गर्ने गर्छन् । नेपालमा यो जिम्मेवारी राष्ट्रिय विपद् जोखिम न्यूनीकरण प्राधिकरणलाई दिन सकिन्छ वा छुट्टै निकाय निर्माण गर्न सकिन्छ ।

नेपालमा विपद् व्यवस्थापनको चर्चा त हुन्छ तर यसलाई एकीकृत र प्रणालीगत रूपमा स्थापित गर्न सकिएको छैन । संस्थागत संरचना कमजोर छ । विपद्को पूर्ण चक्रलाई सम्बोधन गर्ने संरचना छैन । हामी गृह मन्त्रालयअन्तर्गत राहत र उद्धार कार्य गरिरहेका छौं । यो काममा गृह मन्त्रालय सक्षम भए पनि विपद् व्यवस्थापन त्यतिमात्र होइन ।

विभिन्न मन्त्रालयहरूबीच समन्वयको आवश्यकता छ । उदाहरणका लागि सडक पुल भत्किएमा पूर्वाधार मन्त्रालय, घर भत्किएमा स्थानीय सरकार र जलविद्युत् आयोजना क्षतिग्रस्त भएमा ऊर्जा मन्त्रालयको भूमिका चाहिन्छ । यस्तै समन्वयात्मक संरचना बनाउँदै, प्रधानमन्त्रीको नेतृत्वमा उच्चस्तरीय संस्थागत तथा संगठनात्मक संरचना आवश्यक छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको राष्ट्रिय परिषद् प्रधानमन्त्रीको अध्यक्षतामा छ । तर, यसलाई कार्यकारी स्वभावको बनाउँदै विपद्को सम्पूर्ण चक्रलाई सम्बोधन गर्ने क्षमता प्रदान गर्न सकिन्छ । नेपालले 'नेसनल डिजास्टर रिलिफ फ्रेमवर्क' बनाउने कुरा उठेको थियो, तर यो अझै कार्यान्वयनमा आएको छैन । यस्तो फ्रेमवर्क प्रदेश र स्थानीय सरकारका लागि पनि आवश्यक छ ।

विपद् व्यवस्थापनलाई केवल विपद्पछिको क्रियाकलापका रूपमा बुझ्न मिल्दैन । यो व्यवस्थापनको मूलतः पूर्वतयारीको विषय हो । विपद् कहाँ, कस्तो र कहिले आउला भन्ने आँकलन गर्न, त्यसले पुऱ्याउनसक्ने क्षतिको विश्लेषण गरी पूर्वतयारी गरिनुपर्छ । यसका लागि आवश्यक जनशक्ति, वित्तीय व्यवस्था र संरचनागत तयारी हुनुपर्छ । यसरी पूर्वतयारी भएपछि मात्र उद्धार र राहतका काम प्रभावकारी हुन्छन् । विपद्पश्चात् व्यक्ति, समाज र अर्थतन्त्रलाई पुनर्स्थापित गर्ने तयारी पनि नियमितरूपमा चल्नुपर्छ । वित्तीय व्यवस्थापन यस विषयलाई ध्यानमा राखेर काम गर्नुपर्छ, ताकि सम्भावित क्षति न्यून होस् र विपद् भइहालेमा त्यसलाई प्रभावकारीरूपमा व्यवस्थापन गर्न सकियोस् ।

*(लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत ज्ञवालीको यो लेख नेपाल आर्थिक पत्रकार समाज (सेजन)द्वारा प्रकाशित 'अर्थनीति'बाट साभार गरिएको हो)*

पृष्ठ १ बाट क्रमशः

## राजावादीलाई...

यद्यपि सत्तारुढ दलले पनि दम्भ त्यागनुपर्ने बेला आइसकेको उनको भनाइ थियो । प्रतिपक्षको रचनात्मक खबरदारीलाई कुनै भाउ नदिएकाले अहिलेको अवस्थामा आएको दाहालको दाबी थियो । 'यो दुईतिहाइ नै नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रका लागि घातक हुने त होइन भन्ने प्रश्न जनताको मनमा जन्मिसकेको छ । तपाईंहरूलाई पनि यसमा गम्भीररूपमा विचार गर्न अनुरोधमात्रै गर्न सक्छु अहिले । यो संख्याको अहंकारसँगै सत्ताको दुरूपयोग सुरु भएको छ,' उनले भने, 'प्रतिपक्ष र जनताको रचनात्मक खबरदारीलाई सरकारले कुनै भाउ नदिएकै कारण आज जनता सडकमा ओर्लिने अवस्था आएको छ ।'

नेकपा एमालेका प्रमुख सचेतक महेश बर्तौलाले पूर्वराजाको नाममा संविधानविपरीतका काम हुन थालेको बताए । 'पछिल्लो केही दिनदेखि पूर्वराजा ज्ञानेन्द्रको नाम र उक्साहटबाट समाजमा संविधानविपरीतका कार्यहरू भइरहेका छन्,' बर्तौलाले भने, 'पञ्चायतकालीन गान गाउने, मुलुकको अहिलेको राष्ट्रिय गानको अवमूल्यन गर्ने किसिमका संविधानविपरीत काम भइरहेका छन् ।'

उनले राजावादीहरूको र्‍यालीमा भारतको उत्तर प्रदेशका मुख्यमन्त्रीको तस्बिरसहित प्रदर्शन भइरहेको भन्दै संविधानविपरीतका कामबारे सरकारले 'नोटिस'मा राख्नुपर्ने बताए । 'लोकतन्त्रको विकल्प राजतन्त्र र निरंकुशतन्त्र हुन सक्दैन । संग्रहालयमा थन्किएको राजतन्त्रले हुकुमप्रमांगीबाट देश चलाउने दिवा सपना नदेख्न चेतावनी दिन्छु,' बर्तौलाको भनाइ छ ।

राप्रपाका सांसद ध्रुवबहादुर प्रधानले भने पूर्वराजाको नामले सदन तरंगित भएकोमा खुसी माने । 'आज सदन राजाको नामले तरंगित छ, हामी खुसी छौं,' उनले भने, 'फागुन ७ गते राजाबाट शुभकामना व्यक्त गर्दै अभिभावकीय भूमिका निर्वाह गरिबक्स्यो । सोहीअनुसार २५ गते पोखराबाट काठमाडौं फर्कंदा स्वतःस्फूर्त रूपमा नागरिकहरू एरपोर्ट हुँदै निर्मल निवास पुगे ।'

उनले प्रमुख प्रतिपक्ष दलका नेता दाहालको अभिव्यक्तिप्रति आपत्ति प्रकट गर्दै अपरिपक्व भएकोसमेत बताए । 'विद्वान मित्रहरू भनिरहेका छन्, अब यो व्यवस्थाले धान्न सक्दैन राजसंस्थाको अपरिहार्यताको कुरा गरिरहेका छन्,' प्रधानले भने, 'संघीयता खारेजीका कुरा गरिरहेका छन् ।'

राप्रपाकी सांसद रोशन कार्कीले फागुन २५ गते राजाको समर्थनमा निस्किएको भीड 'ट्रायल'मात्र भएको भन्दै दाबी गरिन् । उनले यसखाले आन्दोलन अझ बढ्ने दाबी गरिन् । 'एकजना मित्रले भूत देख्नुभएछ । लेनिनको भूत हो कि माओवादीको भूत हो प्रश्न गर्न चाहन्छु ?,' कार्कीले भनिन्, 'अर्का मित्रले राजाको जयजयकार गरेको र नेताहरू जिल्ला जाँदा मुर्दावाद भनेको सुन्नुभएन होला । यो त मित्र, ट्रायलमात्र हो ।' उनले आगामी दिनमा राजाको पक्षमा ७३ जिल्लाका मान्छे थपिए नआत्तिन सुझावसमेत दिइन् ।

### गगन बोल्दाबोल्दै कुर्सी भाँचिएपछि

नेपाली कांग्रेसका महामन्त्री गगन थापा बोल्दाबोल्दै नेकपा एमालेकी सांसद उर्मिला थेबे प्रतिनिधिसभाको कुर्सी भाँचेर लडेकी छन् । उनी बसेको कुर्सी कस्ने पेच खुस्किएपछि उनी भुँइमा खसेकी थिइन् ।

त्यसपछि गगन एकछिन रोकिएका थिए । सभामुख देवराज घिमिरेले पनि यस विषयमा चासो लिएका थिए । थेबेलाई कुनै चोट नलागेको प्रतिनिधिसभाको सचिवालयले जनायो ।

# तातोपानीमा स्नानका लागि नयाँ पोखरी सञ्चालन

**म्याग्दी–** बेनी नगरपालिका-४ मा रहेको सिंगा तातोपानी कुण्डमा नयाँ पोखरी निर्माण र सञ्चालन गरी स्नानस्थलको क्षमता विस्तार गरिएको छ । तातोपानी कुण्ड व्यवस्थापन समितिले उपल्लो तातोपानी बजारको नजिकै सार्वजनिक जग्गामा नयाँ पोखरी निर्माण गरेर स्नानस्थलको क्षमता बढाएको हो ।

समितिका सचिव अमरबहादुर केसीले तातोपानी स्नान गरेर उपचारमा आउनेहरूको चाप बढेपछि निर्माण गरिएको पोखरी परीक्षणका लागि सञ्चालनमा ल्याइएको जानकारी दिए । 'म्याग्दी नदीको किनारमा रहेको मुहानबाट तातोपानीलाई पम्पिङ गरेर स्नानका लागि पानी संकलन गर्न निर्माण भएको नयाँ पोखरी सञ्चालनमा ल्याइएको छ,' उनले भने, 'कुण्डमा स्नानका लागि आउनेहरूले तिर्ने प्रवेश शुल्कले निर्माण सामग्री खरिद, मजदुरको ज्याला व्यवस्थापन र श्रमदान जुटाएर नयाँ स्नानस्थल बनाएका हौं ।'

यस्तै १५/१५ फिट लम्बाइ चौडाइ र २.५ फिट उचाइ भएको पोखरीमा एकपटकमा ८० जनाले स्नान गर्नसक्ने क्षमता रहेको सचिव केसीले बताए ।



हालको तातोपानी स्नानस्थलभन्दा केही माथि म्याग्दी नदीको किनारमा बिरेनुनको गन्धमा ५० डिग्री सेल्सियस तातोपानी निस्कने मुहान छ ।

उक्त मुहानको पानीलाई विद्युतीय उपकरणको सहायताले पोखरीमा पुर्‍याउने संरचना निर्माण भएको छ । स्नानस्थल नजिकै सार्वजनिक शौचालय बनाइएको छ । ढल व्यवस्थापनका लागि नाली निर्माण गर्न बाँकी छ ।

सिंगा तातोपानी कुण्ड व्यवस्थापन समितिका अध्यक्ष कृष्ण खड्काका अनुसार तातोपानीमा स्नान गरेर छाला, ग्यास्ट्रिक, बाथ, चोटपटक लागेको समस्या निको हुने गरेको छ । आर्थिक वर्ष २०८०/८१ मा नेपालका ५९ जिल्ला, भारत, रसिया, फ्रान्स र जापानका ४४ हजार जनाले तातोपानी स्नान गरेका समितिको तथ्यांक छ । ३५० रूपैयाँका दरले शुल्क तिरेर सातदेखि १० दिनसम्म स्नान गर्न पाइन्छ ।

छोटो अवधिमा स्नान गर्नेहरूका लागि प्रतिपटक १०० रूपैयाँ शुल्क तोकिएको छ । हाल बिरामी र पर्यटक तथा पाहुनाका लागि स्नान गर्न दुईवटा फरक-फरक पोखरी छन् । भ्रमण गर्न आउने र जाडो याममा स्नान गर्नेहरूको मंसिरदेखि फागुन-चैतसम्म घुइँचो लाग्ने गर्छ ।

ठूलो पोखरीमा एकपटकमा ३०० जनाले स्नान गर्नसक्ने क्षमता छ । पाहुनाको चाप बढेकाले दुई/दुई घण्टाका दरले तीनवटा समूह बनाएर स्नानको व्यवस्था मिलाइएको छ । हाल दैनिक एक हजार जनाले तातोपानी कुण्डमा स्नान गरिरहेका तातोपानी कुण्ड व्यवस्थापन समितिका कर्मचारी रेशम कार्कीले बताए ।

प्रवेश शुल्कको १३ प्रतिशत सरकारलाई कर र २५ प्रतिशत नगरपालिकालाई बुझाउने गरिएको छ । प्रवेश शुल्क र चन्दा सहयोगबाट कुण्डका कर्मचारीको तलबभत्ता, भौतिक पूर्वाधार निर्माण, सामाजिक कामका साथै तातोपानीमा रहेको सरस्वती माविका पाँच निजी स्रोतका शिक्षकको तबलभत्तामा खर्च गरिँदै आएको छ । *रासस*

## ललितपुर महानगरपालिका २२ नं. वडा कार्यालयको सन्धियारको नाममा जारी ३५ दिने सूचना

यस ललितपुर महानगरपालिका वडा नं. २२, साबिक ललितपुर जिल्ला, बुङ्गमति गा.बि.स. वडा नं. ३/ङ कि.नं. ८६ क्षे.फ. ०-३-३-० को जग्गामा ज.ध. ल.पु.म.न.पा. वडा नं. २२ बस्ने श्री बच्चु नापितले नयाँ घर निर्माणकालागि नक्शा पास गर्न निबेदन पेश भई सन्धियारको नाममा २०८०/०८/१४ गते जारी भएको १५ दिने सूचना बुझाउन जाँदा उक्त कि.ज.को पश्चिम तर्फका सन्धियार अनुप शाक्य र बिक्रम शाक्यले बुझि नलिएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैत्तिस) दिन भित्र सम्बन्धित सन्धियार आफै वा कानून बमोजिमको वारेसले उक्त सूचना बमोजिम पीर मर्का, सन्धि सर्पन पर्ने भए यस वडा कार्यालयमा सम्पर्क राख्नु हुन सूचीत गरिन्छ । तोकिएको म्याद भित्र सम्पर्क राख्न नआएमा कानून बमोजिम नक्शा पास प्रकृया अगाडी बढी जाने ब्यहोरा समेत जानकारी गराईन्छ ।

## गोलिया काठ/दाउरा लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना

डिभिजन वन कार्यालय कञ्चनपुरको च.नं. १९१५ मिति २०८०/११/२७ गतेको काठ दाउरा सङ्कलन ईजाजत अनुसार श्री विशाल सामुदायिक वन उपभोक्ता समूह, कृष्णपुर न.पा.-१ ले सङ्कलन गरी घाटगद्दीमा रहेको साल जातको गोलिया थान ७० को ४९२.०५ क्यु.फि. काठ र २ चट्टा दाउरा बिक्री वितरणका लागि यो सूचना प्रकाशित गरिएको छ । काठ/दाउरा सङ्कलन तथा बिक्री वितरण निर्देशिका, २०७१ र सुदुपश्चिम प्रदेशको सामुदायिक वनको काठ/दाउरा सङ्कलन तथा विक्री वितरण निर्देशिका, २०७९ अनुसारको योग्य फर्म/कम्पनीहरूले यो सूचना प्रकाशित भएको २१ (एक्काइस) दिनभित्र बोलपत्र खरिद गरि २२औं दिनको मध्यान्ह १२:०० बजेभित्र बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । विस्तृत जानकारीका लागि यस समूहको सूचना पार्टीमा टाँस गरिएको छ ।

**श्री विशाल सामुदायिक वन उपभोक्ता समूह**
**कृष्णपुर न.पा.वडा नं.१, कञ्चनपुर**

## लिलाम विक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०८१/११/२८**

यस सा व उ स वाट संकलित खयर काठ ६६७.९६ क्यू फिट (हर्ट उड) लिलाम विक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ ।थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ ।

**वराहकसैनी सा. वन उपभोक्ता समूह, ऋषिङ ३ तनहूँ ।**

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८१/११/२८**

**मल्टिप्रपोज बिउल्ड सर्भिसेस एण्ड सप्लायर्स प्रा.लि.** को मिति २०८१/१०/१३ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **मल्टिप्रपोज बिउल्ड सर्भिसेस प्रा.लि. (प्रा.लि. नं.: ३०४६३१)** कायम गर्ने गरी मिति २०८१/१०/१७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८१/११/२८**

**न्यु होप लाइभस्टक एण्ड एग्रो बिजनेश प्रा.लि.** को मिति २०८१/०६/०२ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **कुवेर मल्ल एक्वाकल्चर प्रा.लि. (प्रा.लि. नं.: २५९९३४)** कायम गर्ने गरी मिति २०८१/०६/०२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कुवेतमा रोजगार

कम्पनी : ADVANCED TECHNOLOGY COMPANY KSC
पूर्व स्वीकृति मिति : २०८१/११/२७ | LT. No. 297670 | चलानी नं. ६०२१२९०२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ASSISTANT NURSE | 50 | 50 | 280 | १,२६,९५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | cleaner | 10 | 10 | 120 | ५४,४१० | | | | | | | |
| 3 | DENTAL HYGIENIST / DENTAL ASSISTANT | 0 | 20 | 450 | १,९०,४३६ | | | | | | | |
| 4 | Driver | 10 | 0 | 135 | ६१,२१२ | | | | | | | |
| 5 | Nurse | 50 | 50 | 350 | १,५८,६९७ | | | | | | | |
| 6 | Security Guard | 20 | 0 | 125 | ५६,६७८ | | | | | | | |

कम्पनी : ETC FOOD RESTAURANT COMPANY
पूर्व स्वीकृति मिति : २०८१/११/२७ | LT. No. 317166 | चलानी नं. ६०२३१४७५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ASST.COOK | 50 | 0 | 130 | ५८,९४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Hostess (Waitress) | 0 | 5 | 150 | ६८,०१३ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत ६ गते (19th March 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

## कुवेतमा रोजगार

कम्पनी : JTC Logistics Transportation & Stevedoring Co.
पूर्व स्वीकृति मिति : २०८१/११/२७ | LT. No.320193 | चलानी नं. ६०२३४३१८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 50 | 0 | 100 | ४५,३४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Truck Driver / Heavy Driver | 100 | 0 | 170 | ७७,०९० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत्र ६ गते (19th March 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Index Recruitment Pvt. Ltd.**
Chabahil - 7, Kathmandu, Nepal,Tel No. +977-01-5911443 Mo.NO. 9813850986, 9814269669
E-mail : info@indexrecruitment.com.np ,www. www.indexrecruitment.com.np
श्रम इजाजत नं. 1543/078/079

## युएइमा रोजगार

कम्पनी : EAGLE ENVIRONMENTAL SERVICES & PEST CONTROL LLC - BRANCH
पूर्व स्वीकृति मिति : २०८१/०८/२६ | पुनः विज्ञापन स्वीकृति मिति : २०८१/११/२७ | LT. No. 315280 | चलानी नं. ६०२२४४०४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Pest Control Labour | 100 | 0 | 800 | ३०,४३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत ६ गते (19th March 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Indigo Overseas Pvt. Ltd.**
Samakhushi, Kathmandu, Nepal Tel : +977-1-4387787 / 6201955, Mobile No.9840806449, 9823025516
E-mail : indigo.pukar@gmail.com, indigo.recp@gmail.com, Website : www.ioplneoal.com

## साउदीमा रोजगार

कम्पनी : NAJWA ALI BIN SAEED AL FUTAIH GENERAL CONTRACTING ESTABLISHMENT
पूर्व स्वीकृति मिति : २०८१/११/२७ | LT. No. 320142 | चलानी नं. ६०२३४३०१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 1 | 0 | 1800 | ६७,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत ६ गते (19th March 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**NEW ALFA HR SERVICES PVT. LTD.**
Maharajgunj-3, Kathmandu, Nepal, Contact: 01-4721183, 9841531176, E-mail : newalfahrs@gmail.com, Web: www.newalfahrs.com
Govt. License No. 1090/073/74

## साउदीमा रोजगार

कम्पनी : ALOMAIER TRADING & CONTRACTING CO IS A CLOSED JOINT STOCK COMPANY
पूर्व स्वीकृति मिति : २०८१/०८/०२ | पूर्व स्वीकृति मिति : २०८१/११/२७ | LT. No. 313790 | चलानी नं. ६०२२८१६३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 1 | 0 | 1800 | ६७,०३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : ALOMAIER TRADING & CONTRACTING CO IS A CLOSED JOINT STOCK COMPANY
पूर्व स्वीकृति मिति : २०८१/०५/०९ | पूर्व स्वीकृति मिति : २०८१/११/२७ | LT. No. 309419 | चलानी नं. ६०२२४१०१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 1 | 0 | 1800 | ६७,०३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत्र ६ गते (19th March 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pigeon International Overseas Pvt. Ltd**
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277,
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np
श्रम ईजाजत नं. ३८४/०५९/०६०

## साउदीमा रोजगार

कम्पनी : Shumukh Al-Adhria Contracting Est
पूर्व स्वीकृति मिति : २०८१/११/२७ | LT. No. 320195 | चलानी नं. ६०२३४३०९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 5 | 0 | 1000 | ३७,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत ६ गते (19th March 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**ROSEBUD HUMAN RESOURCE PVT. LTD**
Shambhu Marga, sinamangal-9, Kathmandu, Nepal , Tel.: +977-1-4597366, E-mail: info@rosebudhr.com , Web:www.rosebudhr.com
श्रम इजाजत नं. १६६५/०८०/८१

**Fewa HR Solutions Pvt. Ltd.**
KMC-32, Tinkune, Kathmandu, Office: +977-1-4117992, 4117997
E-mail: fewahrsolutions@gmail.com, website: www.fewahrsolutions.com
श्रम इजाजत नं. १८८५/०७४/०७५

## साउदीमा रोजगार

कम्पनी : Al-Fard General Contracting Est.
पूर्व स्वीकृति मिति : २०८१/११/२७ | LT. No. 320174 | चलानी नं.६०२३४३०३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 3 | 0 | 1000 | ३७,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Heavy Equipment Driver | 6 | 0 | 2500 | ९३,११० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत्र ०६ गते (19th March 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.१०,०००/- | रु.७००/- कामदार आफैंले | कामदार आफैं |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Madhesh Pradesh, Nepal
Ministry of Forest and Environment
## Division Forest Office
Parsa, Birgunj

### Notice Of Invitation For Sealed Quotation

**Date of Second Publication: 2081/11/28(12th March 2025)**

1. **Division Forest Office**, Birgunj, Parsa invites **sealed quoted bids** from eligible Nepalese bidders for the following works:

| S. No. | Contract No. | Name of Contract | Cost Of Bid Document (NRs.) | Estimated Cost (Without Vat & Contingency) | Bid Validity Period | Bid Security Amount (NRs.)/ Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | DFOP/SQ/ WORKS/ 2081/082/01 | Installation of fencing work & Gate Construction, Sub-division Forest office, Rangpurtadi, Parsa. | 1,000.00 | 1709057.52 | 45 days | 50000 /75 days |

| | |
|---|---|
| Deadline for Bid Submission: | 2081/12/14 (27th March 2025, 12:00 Noon) |
| Date, Time and Place of Bid Opening: | 2081/12/14 (27th March 2025, 14:00 Pm), Division Forest Office, Birgunj, Parsa |
| Account Number for Bid Document Purchase: | *Name of Bank: Rastriya Banjiya Bank Ltd., Aadarsnagar, Birgunj, Parsa<br>Name of Office: Division forest Offic, Parsa<br>Office Code No. : 3290322012<br>Office Account no. : 1250100202060000<br>(KHA.-2-6: BIBIDH A/C (PRA.LE.NI.KA.)<br>Rajaswa (revenue) Shirshak No.: 14229* |
| Account Number for Bid Security Deposit: | *Name of Bank: Rastriya Banjiya Bank Ltd., Aadarsnagar, Birgunj, Parsa<br>Name of Office: Division forest Offic, Parsa<br>Office Code No. : 3290322012<br>Office Account no. : 1250100202030000<br>Account Name: KHA-2-3: Dharauti A/C (PRA.LE.NI.KA.)* |

## धितोमा रहेको अचल सम्पत्ति लिलाम गर्ने १५ दिने सार्वजनिक सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८१/११/२८ गते**

यस प्रवाह बहुउद्देश्यीय सहकारी संस्था लि.को तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको साँवा ब्याज दैदस्तुर सहित कार्यालयको लेना र कम चुक्ता भुक्तानी नगरेकोले पटक पटक मौखिक तथा लिखत तरताकेता गर्दा र पत्रिकामा कर्जा चुक्ता गर्न मिति २०८०/११/२४ मा ३५ दिने सार्वजनिक सूचना, मिति २०८१/०२/२२ मा १५ दिने सार्वजनिक सूचना, मिति २०८१/०४/०८ गते ३५ दिने धितो लिलामी सूचना तथा मिति २०८१/१०/२८ मा धितो लिलाम विक्री गर्ने १५ दिने सूचना प्रकाशित गर्दा समेत कुनै बोलपत्र समेत नपरेको हुँदा ऋणीले लिएको साँवा ब्याज दैदस्तुर समेत यस कार्यालयको सम्पूर्ण लेना रकम असुलउपर गर्न तपसिल निज ऋणीले राखेको उल्लेखित अचल सम्पत्ति गोप्य बोलपत्रद्वारा लिलाम विक्री गनुपर्ने भएकोले पुनः तेस्रो पटक धितो लिलाम विक्री गर्ने १५ दिने सार्वजनिक सूचना उल्लेखित शर्त बन्देजहरूको अधिनमा रहने गरी निम्न मिति, समय र स्थानमा लिलाम बढाबढ गर्न आउनु हुनको लागि यो सूचना प्रकाशित गरिएको छ । गर्दा वा अत उल्लेखित म्यादभित्र सम्पत्ति लिलाम विक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक फर्म, कम्पनी, संघसंस्था तथा सर्व साधारण महानुभावहरूले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र आफूले कबोल गरेको रकमसहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन अनुरोध गरिन्छ । धितो लेखिदिएको सम्पत्ति लिलाम विक्री लियो यस सहकारी संस्था आफैले सकार गर्दा साविकमा यस संस्थाले मूल्याङ्कन गरेको रकमभन्दा कम मूल्यमा बोलकबोल भयो वा मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम बोलकबोल भयो वा सहकारी संस्था आफैले सकार गरी भनि कहिंकतै उजुरबाजुर गर्न पाइने छैन साथै सुरक्षणमा रहेको सम्पूर्ण सम्पत्ति लिलाम विक्रीबाट पनि यस संस्थाको सम्पूर्ण लेना रकम असुलउपर नभएमा सम्बन्धित ऋणी सदस्य तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा सम्पत्तिबाट समेत असुलउपर गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

**तपसिल :**

| ऋणीको विवरण | धितोको विवरण |
|---|---|
| **नाम** : राजेश महर्जन<br>**बुवा** : मचाम महर्जन<br>**बाजे** : ज्ञानमान महर्जन  | ऋणीको नाममा कलंकी मालपोत कार्यालयमा दर्ता श्रेष्ता कायम रहेको काठमाडौं जिल्ला च.न.पा.वडा नं.६ साविक थानकोट महादेवस्थान गा.वि.स.वडा नं.५ स्थित कित्ता नं.१०६८, क्षेत्रफल ८७.४३ वर्ग मि.को घरजग्गा र सोले चर्चेको लिग लगापात समेत । |

**शर्तहरू :**

१. बोलपत्र फाराम संस्थाको कार्यालय लखतिर्थ, चागल-१५ बाट रू.१,००/– (अक्षरमा एक सय मात्र) तिरी/बुझाई प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्र फाराममा आफूले कबोल गरेको रकमको कम्तीमा १० प्रतिशतले हुन आउने रकम यस संस्थाको खातामा जम्मा गनुपर्ने हुन्छ ।
३. लिलाम विक्री हुने सम्पत्ति हेर्न वा निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्न अगावै यस संस्थामा सम्पर्क गर्न सकिनेछ ।
४. रित नपुगी वा म्याद नाघेर पेश गरेको बोलपत्र स्वीकारयोग्य हुने छैन ।
५. बोलपत्र सदर हुनु अगावै ऋणीले सम्पूर्ण लेना रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्ध गरी धरौटी रकम फिर्ता दिन सकिनेछ । धरौटीस्वरुप राखेको रकमको व्याज दावी गर्न पाउने छैन ।
६. लिलामी सूचना प्रकाशित भएको १५ दिनभित्र बोलपत्र पेश गर्न सकिनेछ । बोलपत्र लिलामी सूचना प्रकाशित भएको १६औं दिनमा कार्यालय भवनमा दिनको २:०० बजे खोलिनेछ । यदि १६औं दिनमा विदा परेमा कार्यालय खोल्ने पहिलो दिनमा बोलपत्र खोलिनेछ ।
७. बोलपत्र स्वीकृत भएको सूचना पाएको १५ दिनभित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ति नामसारी गरी लिनुपर्नेछ । सो म्यादभित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
८. लिलाम सम्पत्ति दाखिला खारेज गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण दस्तुर रकम स्वयम् लिलाम सकार गर्नेले तिर्नुपर्ने छ ।
९. प्राप्त भएको बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । यदि बोलपत्र पेश गर्ने व्यक्ति वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा पनि बोलपत्र खोली निर्णय गर्न कुनै बाधा पर्ने छैन ।
१०. लिलाम विक्री गर्ने भनिएको उल्लेखित सम्पत्ति लिलाम सकारको लागि कोही कसैको रितपूर्वक बोलपत्र नपरे वा कसैले नसकारेमा कानुन बमोजिम सहकारी संस्था आफैंले सकार गरी दाखिला खारेज गर्न वा पुनःलिलाम प्रक्रियामा लैजान सक्नेछ ।

**प्रवाह बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
लखतिर्थ, चागल–१५, काठमाडौं, फोन नं.५१६६११९

प्रभाव दैनिक

रूपशाला

### 'महाभोज' जेठ १५ गतेदेखि प्रदर्शनमा आउने

दिनेश राउत निर्देशित फिल्म 'महाभोज' आगामी जेठ १५ गतेदेखि सार्वजनिक प्रदर्शनमा आउने भएको छ । फिल्म गणतन्त्र दिवसको अवसर पार्दै प्रदर्शनमा आउने भएको हो । मंगलबार फिल्मको फष्टलुक्स पोस्टर सार्वजनिक गर्दै निर्माता प्रदर्शन मिति घोषणा गरेका हुन् । फिल्म नेपालसहित विदेशमा पनि एकसाथ रिलिज गर्ने तयारी भइरहेको छ । पोस्टरमा फिल्मका केही कलाकार अटाएका छन् । जसको गम्भीर र चुनौतीपूर्ण हाउभाउ छ । पोस्टरको केन्द्रमा टोपी लगाएका पुरुषलाई देख्न सकिन्छ, जो अभिनेता आर्यन सिग्देल हुन्, उनले राजनीतिक वा प्रशासनिक व्यक्तित्वको प्रतिनिधित्व गर्न सक्छन् ।






# ब्रिटिस चलचित्र 'कामा'मा नेपाली अभिनेता

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपाली चलचित्र अन्तरराष्ट्रिय मेला महोत्सवमा सहभागी हुनु र पुरस्कृत हुनु नौलो खबर रहेन । गत भदौमा मीनबहादुर भामले निर्देशन गरेको चलचित्र 'शाम्बाला' र यही फागुन २९ मा प्रदर्शन हुने दीपक रौनियारले निर्देशन गरेको चलचित्र 'राजागञ्ज'ले अन्तरराष्ट्रिय चलचित्र महोत्सवमा आफूलाई अब्बल सावित गरिसकेका छन् ।

यसैक्रममा नेपाली अभिनेता टंक धमालाले अभिनय गरेको ब्रिटिस चलचित्र 'कामा' बेलायत र आयरल्याण्डमा यही फागुन २३ गतेदेखि प्रदर्शनरत छ । चलचित्रमा उनीसँगै हलिउड कलाकार म्याट वेकफोर्डनट, जेमिमा टोम्स, मिया बेनेट र भारतीय अभिनेत्री पूजा गुप्ताले अभिनय गरेका छन् । नेपाली चलचित्र 'सरौतो' मा अभिनय गर्नुभएका धमालाले अभिनय यात्रामा नयाँ अनुभव संगालेको बताए ।

'चलचित्र हेर्ने दर्शकले राम्रो प्रतिक्रिया दिनुभएको छ । मेरो मुख्य भूमिका रहेको चलचित्र यसरी अन्य विदेशी चलचित्र भैँ प्रदर्शन हुँदा म निकै उत्साहित छु । यो क्षणलाई मैले शब्दमा व्यक्त गर्न सकेको छैन, मेरो अभिनय यात्रामा यसले इँटा थप्ने काम गरेको छ', उनले भने ।

ब्रिटिस चलचित्र 'डेन्जरस गेम' र भारतीय चलचित्र 'एनिमल' मा पनि अभिनय गरेका धमालाले विश्वासघात र बदलाका लागि मान्छे कुन हदसम्म पुग्नसक्छ भन्ने कथालाई 'कामा'मार्फत देखाउने प्रयास गरिएको बताए । उनले चलचित्रमा आर्मीको भूमिका निर्वाह गर्न त्यससम्बन्धी प्रशिक्षण समेत लिएको जानकारी बताए ।

'मलाई अभिनय सिकाउनु हुने साइमन गिब्बनसँग केही समय पात्रको मनोविज्ञानबारे प्रशिक्षण लिएपछि शारीरिक रूपमा चुस्त देखिन मेहनत गरेँ । आर्मीको सोचाइ र शारीरिक हाउभाउलाई उतार्न सफल भएपछि छायांकनमा पुगेको थिएँ । नेपालीपछि भारतीय र ब्रिटिस चलचित्रमा काम गर्न पाउँदा मैले उहाँहरूको कार्यशैलीलाई बुझ्ने मौका पाएँ', धमालाले भने ।

चलचित्रमा उनले निर्वाह गरेको पात्रलाई युद्धबाट फर्किएर घर आइपुग्दा श्रीमतीको मृत्युको खबर थाहा हुन्छ । त्यसपछि घट्ने घटनाक्रमले 'क्राइम र थ्रिलर' विधाका चलचित्र रुचाउने दर्शकलाई मनोरञ्जन दिने धमालाले बताए ।

सन् २०१८ देखि मोडलिङमा सक्रिय धमालाले चलचित्र, विज्ञापन र म्युजिक भिडिओमा काम गरिरहेका छन् । विदेशी चलचित्रमा काम गर्दा थप अनुभवी बनाएको बताउँदै अभिनेता धमालाले आगामी दिनमा संख्यात्मकभन्दा पनि गुणात्मक चलचित्रमा काम गर्ने बताए ।

## बालेनले हेरे 'लाज शरणम्'

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाह (बालेन)ले सिताराम कट्टेल (धुर्मुस)को तारिफ गरेका छन् ।

प्रदर्शनरत चलचित्र 'लाज शरणम्' हेरेर बालेनले धुर्मुसको खुलेर तारिफ गरेका हुन् । बालेनले सोमबार साँझ दरबारमार्गस्थित क्यूएफएक्स हलमा दोस्रो हप्तामा प्रदर्शन भइरहेको चलचित्र 'लाज शरणम्' हेरेका हुन् ।

'यस्तो डिटेल दिनुभा'छ नि ! कस्तो डिटेल दिया हो ? लास्टै दामी । लास्टै मजा आयो,' सिनेमा हेरेपछि बालेनले धुर्मुसको तारिफ गरे । बालेनले धुर्मुसको प्रशंसा गर्दै अँगाल्दै भने, 'एकदमै राम्रो काम गर्नुभएको छ । म पनि कलाकार हुँ, हामीलाई कला देखाउन पाए हुन्थ्यो भन्ने चाहना हुन्छ । हेरिरहँदा एकदमै मज्जा आयो ।' बालेन मिडियालाई खबर नगरी चलचित्र हेर्न पुगेका थिए ।

चलचित्र 'लाज शरणम्'मा समावेश 'नेपाल हाँसेको' ग्यापमा बालेनको स्वर छ, जसले दर्शकमाझ निकै चर्चा पाएको थियो । चलचित्रमा भने यो गीत छैन । क्रेडिटलाइन स्क्रोल हुनथाले पछि यो गीत बज्छ ।

सिनेमाले हालसम्म कति कलेक्सन गर्‍यो भन्ने निर्माणपक्षले खुलाएको छैन । पहिलो दिनको कलेक्सन रिपोर्ट भने भने सार्वजनिक भएको थियो । पहिलो दिन यो चलचित्रले एक करोड १० लाख कलेक्सन गरेको थियो । कुमार कट्टेलको निर्देशनमा बनेको 'लाज शरणम्' धुर्मुस मुख्य भूमिकामा छन् ।

# रूद्रराज साहित्य पुरस्कार गार्गी शर्मालाई



■ प्रभाव संवाददाता

**काठमाडौं–** रुद्रराज साहित्य सेवा समितिले यस वर्षको 'रुद्रराज साहित्य पुरस्कार' डा गार्गी शर्मालाई प्रदान गरेको छ । सरदार रुद्रराज पाण्डेको १२५औं जन्मजयन्तीका अवसरमा सोमबार आयोजित कार्यक्रममा दिव्य शताब्दी पुरुष डा. गौरीशंकर लालदासले उक्त पुरस्कार अर्पण गरे । पुरस्कारको राशि रु ५० हजार र सम्मानपत्र छ । नेपाली भाषा साहित्यलाई समृद्ध तुल्याउन शर्माले निर्वाह गरेको योगदानको कदर गर्दै उक्त पुरस्कार प्रदान गरिएको हो ।

उपन्यास, नाटक, कथा, हास्यव्यंग्यका माध्यमबाट नेपाली भाषा, साहित्य, शिक्षा र समाजसेवामा पाण्डेले उल्लेखनीय योगदान गरेका छन् । उनको 'रूपमती' उपन्यास पाठकमाझ लोकप्रिय छ । यस्तै माध्यमिक शिक्षा परीक्षा (एसइई) मा उत्कृष्ट भानु माविका विद्यार्थीलाई पनि पुरस्कृत गरियो । उक्त अवसरमा दिव्य शताब्दी पुरुष डा. गौरीशंकर लालदासले बहुआयामिक व्यक्तित्व सरदार रुद्रराज पाण्डे नेपाली साहित्यको मुर्धन्य व्यक्तित्व भएको उल्लेख गरे । रुद्रराज पाण्डेको नेपाली साहित्य, इतिहास, शिक्षा, प्रशासन एवं अध्यात्मिक क्षेत्रमा अतुलनीय योगदान रहेको उल्लेख गरे ।

समितिका अध्यक्ष बद्रीराज पाण्डेले बहुआयामिक व्यक्तित्व रुद्रराज पाण्डे शिक्षा, साहित्य, इतिहास र आत्यात्मिक विधामा सक्रिय व्यक्तित्व भएको बताए । आधारभूत शिक्षाको ज्ञानको ज्योति फैलाएर सफलताका लागि निरन्तर संघर्ष चाहिन्छ भन्ने भावनाले पाण्डेले शिक्षा, चेतना र समाजसुधारको भूमिका निर्वाह गरेको उनको भनाइ थियो ।

समितिका सदस्य एवं संस्कृतिविद् डा. गोविन्द टण्डनले रुद्रराज पाण्डेले शिक्षा र साहित्यका क्षेत्रमा पुऱ्याएको योगदानको चर्चा गरे । नेपाली साहित्यमा पाण्डेले पुऱ्याएको योगदानलाई स्मरणीय बनाउन आवश्यक रहेको उनको भनाइ थियो ।

पुरस्कृत व्यक्तित्व गार्गी शर्माले स्वर्गीय पाण्डेको शिक्षा र साहित्यका क्षेत्रमा अतुलनीय योगदान रहेको उल्लेख गर्दै अहिलेका पुस्ताका लागि प्रेरणादायी व्यक्तित्व भएको बताए । समितिका संरक्षक ई कृष्णराज पाण्डेले स्व रुद्रराज पाण्डेको व्यक्तित्वबारे प्रकाश पारेका थिए । समितिका महासचिव डा नील पाण्डेले साहित्य र शिक्षाको विकास तथा प्रवर्द्धनमा रुद्रराज पाण्डेको योगदान महत्वपूर्ण भएको बताए ।



## साफ यू–१९ च्याम्पियनसिपको ड्र

# नेपाल र भारत एउटै समूहमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल साफ यू-१९ च्याम्पियनशिपमा घरेलु टोली भारत रहेकै समूह 'बी' मा परेको छ । आगामी मे ९ देखि १८ तारिखसम्म भारतको अरुणाचल प्रदेशमा तेस्रो संस्करणको साफ यू-१९ च्याम्पियनशिप हुँदै छ । सो च्याम्पियनशिपका लागि मंगलवार काठमाडौँमा भएको ड्रमा नेपाल आयोजक भारतको समूहमा 'बी' मा परेको हो ।




यो साफमा आयोजक भारतसहित नेपाल, बंगलादेश, भुटान, माल्दिभ्स र श्रीलंकाले प्रतिस्पर्धा गर्दैछन् । नेपालको समूहमा भार तसँगै श्रीलंका पनि रहेको छ । अर्को समूह 'ए'मा बंगलादेश, भुटान र माल्दिभ्स छन् ।

सन् २०२३ मा नेपालमा नै भएको साफ यू-१९ च्याम्पियनशिपमा भारतले पाकिस्तानलाई हराउँदै उपाधि जितेको थियो । समूहका शीर्ष २ टोली सेमिफाइनलमा पुग्नेछन् । लिगकम नकआउटका आधारमा हुने यो साफमा कुल ९ खेल हुनेछन् । सबै खेल अरुणाचल प्रदेशको युपियास्थित गोल्डन जुब्ली स्टेडियममा हुनेछन् । सन् २०२४ मा भने यू-२० साफ च्याम्पियनशिप भएको थियो ।

**पिएम कप**

# कोशी प्रदेशमाथि मधेशको फराकिलो जित

■ प्रभाव संवाददाता

**काठमाडौं–** जारी पीएम कप अन्तर्गत मधेश प्रदेशले विजयी शुरुवात गरेको छ । मंगलबार सम्पन्न खेलमा मधेश प्रदेशले कोशी प्रदेशमाथि १६५ रनको फराकिलो जित हासिल गरेको हो ।



मधेश प्रदेशले दिएको २८५ रनको लक्ष्य पछ्याएको कोशी प्रदेशले २२ ओभरमा अल आउट हुदै ११९ रन मात्र बनाएको थियो ।

कोशी प्रदेशको ब्याटिंग लाइनलाई ध्वस्त गर्नेक्रममा मधेशका रूपेश सिंहले ५ विकेट लिएका थिए भने राजेश यादवले ३ विकेट लिएका छन् । यसअघि पहिला ब्याटिंग गरेको मधेश प्रदेशले ५० ओभरमा ६ विकेट गुमाउदै २८४ रन बनाएको थियो ।

मधेशका लागि पवन सराफले सर्बाधिक ९२ रन बनाए भने कप्तान अनिल शाहले ७५ एन बनाए भने दिपेश दासले ५६ रन बनाएका थिए ।

यो जितपछि मधेश प्रदेशले आफ्नो पहिलो खेलमा जित हासिल गरेको छ भने कोशी प्रदेशले लगातार दोस्रो हार बेहोरेको छ ।

**मेचीनगर गोल्डकप**

# युसुफको निर्णायक गोलसँगै मच्छिन्द्र सेमिफाइनलमा

■ प्रभाव संवाददाता

**इलाम–** विदेशी खेलाडी युसुफ मलिकको निर्णायक गोलसँगै मच्छिन्द्र फुटबल क्लब मेचीनगर गोल्डकपको सेमिफाइनलमा प्रवेश गरेको छ । झापाको मेचीनगरमा जारी प्रतियोगिताको अन्तिम क्वार्टरफाइनलमा मच्छिन्द्रले विभागीय टोली एपिएफमाथि १-० को जित हात पारेको हो ।



युसुफले पहिलो हाफको अतिरिक्त समयमा गरेका थिए । उनले स्टेफन कामाहाको पासमा पेनाल्टी एरियाबाट गोल गरेका हुन् । खेलको अधिकांश समय बल पोजिसन राखेको मच्छिन्द्र थप गोल गर्न भने सकेन । मच्छिन्द्रका खेलाडीले पाएका दर्जन अवसर गुमाएपछि एपिएफसँग संघर्षपूर्ण जित निकाल्दै अन्तिम चारमा प्रवेश गरेको हो ।

खेलको प्लेयर अफ द म्याच मच्छिन्द्रका निर्णायक गोलकर्ता मलिक भए र ११ हजार रूपैयाँ प्राप्त गरे । मछिन्द्रको जितसँगै सेमिफाइनल समीकरण पूरा भएको छ । मच्छिन्द्रले दोस्रो सेमिफाइनल खेलमा 'ए' डिभिजन लिग च्याम्पियन चर्च ब्वाइज युनाइटेडको सामना गर्नेछ ।

# ग्रिनफिल्ड, जेभियर, सिसिआरसी र गोल्डेन गेट सेमिफाइनलमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** हिसान सेन्ट्रल इन्टर कलेज बास्केटबल च्याम्पियनसिप २०२५ को सेमिफाइनल समीकरण पूरा भएको छ ।

त्रिपुरेश्वस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) कभर्डहलमा जारी प्रतियोगिताअन्तर्गत मंगलबार क्वार्टरफाइनलका खेल सम्पन्न भएसँगै अन्तिम चारमा पुग्ने टोलीको टुंगो लागेको हो ।

योसँगै पहिलो सेमिफाइनलमा ग्रिनफिल्ड इन्टरनेसनल कलेजले जेभियर इन्टरनेसनल कलेजको सामना गर्नेछ । अर्को सेमिफाइनलमा सिसिआरसीले गोल्डेन गेट इन्टरनेसनल कलेजलाई चुनौती पेस गर्नेछ ।

सेमिफाइनल र फाइनल खेल बुधबार हुने आयोजकले जनाएको छ ।

मंगलबार सम्पन्न पहिलो क्वार्टरफाइनलमा ग्रिनफिल्डले वर्नहार्टलाई ६३-५१ को स्कोरमा पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेको छ । ग्रिनफिल्डको जितमा सोनम स्याङ्बो लामाले सर्वाधिक १७ स्कोर गरे ।

जेभियरले भने हेराल्ड इन्टर नेसनल कलेजलाई ७९-३४ को सहज स्कोरमा हराउँदै फाइनल प्रवेशका लागि ग्रिनफिल्डसँगको भेट पक्का गरेको छ ।

गोल्डेन गेटले भने काठमाडौं वर्ल्ड स्कुललाई ६७-४२ को स्कोरमा पाखा लगायो । गोल्डेन गेटको जितमा दिवस भुजेलले १७ स्कोर गरे ।

# 'अमेरिकासँग भन्सार कटौतीको कुनै प्रतिबद्धता गरिएको छैन'

**नयाँदिल्ली–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले नयाँदिल्लीले 'उनीहरूको भन्सार शुल्क धेरै तल घटाउन' सहमत भएको घोषणा गरेको केही दिनपछि भारतले अमेरिकी उत्पादनहरूमा आयात कर घटाउन प्रतिबद्ध नभएको बताएको छ ।

आफ्नो दोस्रो कार्यकालको केही हप्तामै ट्रम्पले मित्र र शत्रुहरूलाई समान रूपमा लक्षित गर्दै विश्वव्यापी व्यापारलाई बढावा दिएका छन् । उनले सबै व्यापारिक साझेदार हरूलाई 'अनुचित' अभ्यासको आरोप लगाएका छन् र आगामी महिनादेखि भारतसहित धेरै देशमा पारस्परिक भन्सार लगाउने घोषणा गरेका छन् ।

ट्रम्पले गत हप्ता भारतको 'ठूलो भन्सार' बारे एकपटक फेरि आलोचना गरेका थिए । 'तपाईं भारतमा केही पनि बेच्न सक्नुहुन्न, यो लगभग प्रतिबन्धात्मक छ,' ट्रम्पले भने, 'जे होस् उनीहरू सहमत भएका छन्, उनीहरू अहिले आफ्नो भन्सार शुल्क कटौती गर्न चाहन्छन् किनभने कसैले अन्ततः उनीहरूले के गरेका छन् भनेर उजागर गरिरहेको छ ।'

तर भारत सरकारले संसदीय समितिलाई 'यस विषयमा अमेरिकासँग कुनै प्रतिबद्धता गरिएको छैन' भनी मंगलबार टाइम्स अफ इन्डिया अखबारको एक रिपोर्टले जनाएको छ । 'सरकारले अमेरिकी राष्ट्रपतिद्वारा बारम्बार उठाइएको मुद्दालाई सम्बोधन गर्न सेप्टेम्बरसम्म समय मागेको छ,' अखबारमा भनिएको छ ।

भारतका वाणिज्यसचिव सुनील बर्थवालले भने, 'भारत र अमेरिकाले तत्काल भन्सार शुल्क समायोजनको सट्टा दीर्घकालीन व्यापार सहयोगमा ध्यान केन्द्रित गर्दै पारस्परिकरूपमा फाइदाजनक द्विपक्षीय व्यापार सम्झौताको दिशामा काम गरिरहेका छन् ।'

गत महिना ह्वाइट हाउसको भ्रमण गरेका भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको ट्रम्पसँग स्वीकार्य सम्बन्ध छ । ट्रम्पले भ्रमणका बेला भारतीय नेतासँग 'विशेष सम्बन्ध' साझा गरेको बताए । मोदीले विश्वको सबैभन्दा ठूलो र पाँचौं ठूलो अर्थतन्त्रले 'आपसी लाभदायक व्यापार सम्झौता' मा काम गर्ने र त्यसलाई 'चाँडै नै' अन्तिम रूप दिइने बताए ।

संयुक्त राज्य अमेरिका भारतको सूचना प्रविधि र सेवा क्षेत्रका लागि महत्त्वपूर्ण बजार भए पनि वासिङ्टनले हालैका वर्षहरूमा नयाँदिल्लीलाई अर्बौं डलरको नयाँ सैन्य हार्डवेयर बिक्री गरेको छ । अस्ट्रेलिया, भारत, जापान र संयुक्त राज्य अमेरिकाको चारपक्षीय समूह क्वाडका राष्ट्र प्रमुखहरूको शिखर सम्मेलनमा भाग लिन ट्रम्पले यस वर्षको अन्त्यमा भारतको भ्रमण गर्नसक्ने अपेक्षा गरिएको छ । *रासस/एएफपी*

# विश्वको अधिकांश जनसंख्याले प्रदूषित हावा सास फेर्छ : प्रतिवेदन



**बेंगलुरु (भारत)–** विश्वको अधिकांश भागमा प्रदूषित हावा रहेको र केवल १७ प्रतिशत सहरहरूले विश्वव्यापी वायु प्रदूषण दिशानिर्देशहरू पूरा गरेको मंगलबार सार्वजनिक एक प्रतिवेदनले उजागर गरेको छ । स्विट्जरल्यान्डस्थित वायु गुणस्तर अनुगमन डेटाबेस आइक्युएयरले १३८ देशका ४० हजार वायु गुणस्तर अनुगमन स्टेसनबाट प्राप्त डेटा विश्लेषण गरेको थियो र चाड, कंगो, बंगलादेश, पाकिस्तान र भारतमा सबैभन्दा प्रदूषित हावा रहेको पत्ता लगाएको थियो ।

भारतमा सबैभन्दा प्रदूषित सहरहरूमध्ये छ वटा छन् । तीमध्ये उत्तरपूर्वी भारतको औद्योगिक सहर बिरनिहाट सबैभन्दा खराब स्थानमा छ । विशेषज्ञहरूका अनुसार वास्तविक वायु प्रदूषणको मात्रा धेरै बढी हुनसक्छ किनकि विश्वका धेरै भागमा अधिक सटिक डेटाका लागि आवश्यक अनुगमन छैन । उदाहरणका लागि अफ्रिकामा प्रत्येक ३७ लाख मानिसका लागि केवल एउटा अनुगमन स्टेसन छ ।

प्रतिवेदनअनुसार यस समस्याको सामना गर्न थप वायु गुणस्तर अनुगमनकर्ताहरू स्थापित गरिँदै छन् । यस वर्ष प्रतिवेदनका लेखकहरूले वायु प्रदूषणको राम्रो अनुगमन गर्ने प्रयासको परिणामस्वरूप आठ हजार ९५४ नयाँ स्थान र लगभग एक हजार नयाँ अनुगमनकर्ताबाट प्राप्त डेटा समावेश गर्न सक्षम भए ।

तर गत हप्ता अमेरिकी विदेश मन्त्रालयले विश्वभरका आफ्ना दूतावास र वाणिज्य दूतावासहरूबाट प्राप्त डेटा सार्वजनिक नगर्ने घोषणा गरेपछि वायु प्रदूषणका लागि डेटा अनुगमनलाई धक्का लागेको छ । मलेसियास्थित सनवे सेन्टर फर प्लानेटरी हेल्थकी मुख्य वैज्ञानिक तथा वायु प्रदूषण विशेषज्ञ फातिमा अहमदका अनुसार लामो समयसम्म प्रदूषित हावा सास फेर्नाले श्वासप्रश्वाससम्बन्धी रोग, अल्जाइमर्स र क्यान्सर हुन सक्छ ।

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले वायु प्रदूषणले वार्षिक रूपमा लगभग ७० लाख मानिसको ज्यान लिने अनुमान गरेको छ । अहमदले वायु प्रदूषणको स्तर घटाउन अझ धेरै गर्न आवश्यक रहेको बताए । डब्लुएचओले विश्वको ९९ प्रतिशत जनसंख्या सिफारिस गरिएको वायु गुणस्तर स्तर पूरा नगर्ने ठाउँमा बसोबास गर्ने गरेको पाएको थियो ।

'यदि तपाईंसँग खराब पानी छ, पानी नै छैन भने, तपाईं मानिसहरूलाई दिनको आधा घण्टा पर्खनू भन्न सक्नुहुन्छ, पानी आउने छ । तर यदि तपाईंसँग प्रदूषित हावा छ भने, तपाईं मानिसहरूलाई सास फेर्न रोक्नू भन्न सक्नुहुन्न,' अहमदले भने ।

बेइजिङ, दक्षिण कोरियाको सियोल र पोल्यान्डको रिबनिकजस्ता धेरै सहरले सवारीसाधन, बिजुली प्लान्ट र उद्योगहरूबाट हुने प्रदूषणमा कडा नियममार्फत आफ्नो वायु गुणस्तर सफलतापूर्वक सुधार गरेका छन् । उनीहरूले स्वच्छ ऊर्जालाई प्रवर्द्धन गरेका छन् र सार्वजनिक यातायातमा लगानी गरेका छन् ।

गम्भीर वायु प्रदूषण नियन्त्रण गर्ने अर्को उल्लेखनीय प्रयास दक्षिणपूर्वी एसियाली राष्ट्र संघको सीमापार धुवाँ प्रदूषणसम्बन्धी सम्झौता थियो । यद्यपि यसले अहिलेसम्म सीमित सफलता पाए पनि यस क्षेत्रका दश देशले ठूला वन डढेलोहरूबाट हुने प्रदूषणको अनुगमन र नियन्त्रण गर्न एकसाथ काम गर्ने प्रतिबद्धता जनाएका छन् । वन डढेलो सुक्खा मौसममा यस क्षेत्रमा सामान्य घटना हो ।

ग्लोबल क्लाइमेट एन्ड हेल्थ एलायन्सको अभियानको नेतृत्व गर्ने श्वेता नारायणले सबैभन्दा खराब वायु प्रदूषणको सामना गर्ने धेरै क्षेत्रहरू पनि कोइला, तेल र ग्यास जलाएर पृथ्वी-तताउने ग्यासहरू व्यापकरूपमा निस्कने ठाउँहरू हुन् भने । पृथ्वीको तापक्रम कम गर्न पृथ्वी-तापमान उत्सर्जन कम गर्दा वायु गुणस्तर पनि सुधार गर्न सकिने उनले बताए । 'वायु प्रदूषण र जलवायु संकट एउटै सिक्काका दुई पाटा हुन्,' उनले भने । *रासस/एपी*

## हुलास स्टील ईण्डष्ट्रिज लिमिटेड

रजिष्टर्ड अफिसः गोल्छा हाउस, गणबहाल, काठमाण्डौ
फोन नं. ५३५०७७२, E-mail:ktm@golchha.com
का शेयरधनीहरुलाई

### हकप्रद शेयरको निष्काशन सम्बधि सूचना

मिति २०८०।११।०९ गते सम्पन्न यस कम्पनीको वार्षिक साधारण सभाबाट पारित विशेष प्रस्ताव अनुसार मिति २०७९।०९।२८ गते सम्म कम्पनीको शेयर दर्ता कितावमा दर्ता रहेका शेयरधनीहरुका लागी एकसय कित्ता बराबर बाईस दशमलब अठार शुन्य शुन्य एक दुई नौ (१००:२२.१८००१२९) को अनुपातमा प्रति कित्ता शेयर रु.१००/- अंकित दरको १७,१२,००६ कित्ता हकप्रद शेयरको निष्काशन तथा बिक्रि खुल्ला यहि मिति २०८१।११।१८ गते देखि मिति २०८१।१२।०३ गते सम्म गरिने हुंदा सम्बन्धित सबै शेयरधनीहरुको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ। हकप्रद शेयर खरिद गर्न अनिच्छुक शेयरधनीले कम्पनीका बहालवाला अन्य शेयरधनीलाई आफ्नो हकहस्तान्तरण गर्न सक्नु हुनेछ । हकप्रद शेयर खरिदका लागी दरखास्त फारम कम्पनीको रजिष्टर्ड कार्यालयबाट उपलब्ध हुनेछ । दरखास्त साथ आफुले आवेदन गरेको कुल शेयरको हुने रकम हुलास स्टील ईण्डष्ट्रिज लिमिटेडको एभरेष्ट बैंक लिमिटेड, टेकु शाखा स्थित चल्ति खाता नं.०१०००१०५०००९४१ मा जम्मा गरी सो को सक्कल भाउचर वा "क" वर्गको बैंकबाट जारी ड्राफ्ट संलग्न गरी शेयर खरिदको निवेदन साथ पेश गर्नु पर्नेछ ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## मेचीनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ईटाभट्टा, झापा
कोशी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आसयको सूचना

प्रथम पटक प्रकाशित मिति: २०८१/११/२७

मेचीनगर नगरपालिकाको कार्यालयबाट तपसिल बमोजिमको ठेक्काको लागि मिति २०८१/०९/२५ *https://www.bolpatra.gov.np/egp* मा तपसिलको ठेक्काको सूचना बमोजिम ई-बिड मार्फत दाखिला भएका सिल्बन्धि दरभाउ/ बोलपत्रहरुको बोलपत्र मुल्यांकन समितिबाट मुल्यांकन भइ सबैभन्दा न्युनतम रकम कबोल गर्ने र सारभुत रुपमा प्रभावग्राही देखिन आएको तपसिल बमोजिमको सिल्बन्धि दरभाउ /बोलपत्र स्वीकृतिको लागि सिफारिस भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ बोलपत्रमा भाग लिने सम्पूर्ण बोलपत्रदाता हरुलाई जानकारी गराउन सूचना प्रकासन गरिन्छ।

तपसिल

| क.स. | ठेक्का न | योजनाको नाम | सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाता | कबोल अङ्क (रू.) (मु. अ .कर र ps समेत ) |
|---|---|---|---|---|
| 1 | 52/NindaEmbankment/Mechi/NCB2081/082 | Ninda River Embankment Construction at Different location of Mechinagar 03, 08,10,15 of Ninda River | Zenith Builders Pvt.Ltd. | 78,39,460.90 |

अनन्त प्रकाश वस्ती
प्रमुख,प्रशासन,योजना तथा अनुगमन शाखा
अधिकृतस्तर नवौं तह


**कुवेतमा रोजगार** — कम्पनी : HAIR MAJESTY SALON COMPANY FOR LADIES
पूर्व स्वीकृति मिति : २०८१/११/२७ | LT. No. 320231 | चलानी नं. ६०२३४०९३

| सि. नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SPA (MASSAGE THERAPIST) | 4 | 0 | 150 | ६७,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत ६ गते (19th March 2025) मा हुनेछ ।
S.N.K. FACILITIES MANAGEMENT PVT. LTD. Bafal-13, Kathmandu, Nepal, T: 01-5922923 Mob: 9851049837, Email:- snkhrc@gmail.com, Web: www.snkmanpower.com | Govt.Lic. No 1726/081/082

**युएइमा रोजगार** — कम्पनी : LANDMARK SECURITY SERVICES
पूर्व स्वीकृति मिति : २०८१/११/०१ | LT. No. 320084 | चलानी नं. ६०२३४२९१

| सि. नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 50 | 0 | 1300 | ४९,४५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत ६ गते (19th March 2025) मा हुनेछ ।
IMPERIAL OVERSEAS PVT. LTD. Sinamangal-9, Gairidhara, Kathmandu, Nepal.Tel : +977-1-4485530, Mobile: 9818851067 Email: imperialovs2009@gmail.com,, imperialoverseas@hotmail.com,Website:- imperialoverseas.com.np | Govt. Lic. No. 816/066/067

**साउदीमा रोजगार** — कम्पनी : AHMED MOHAMMED AL-DABASH CONTRACTING ESTABLISHMENT
पूर्व स्वीकृति मिति : २०८१/०८/२३ | पुन: विज्ञापन स्वीकृति मिति : २०८१/११/२७ | LT. No. 315094 | चलानी नं. ६०२२९३८९

| सि. नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. |
|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 1 | 0 | 1000 | ३७,२४३ |
| 2 | Heavy Truck Drivers | 2 | 0 | 1800 | ६७,०३७ |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत ६ गते (19th March 2025) मा हुनेछ ।
INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD. Airport, Shambhu Marg-4, Kathmandu,Nepal Phone: (+977) 4112800, Email: inspireintemp@gmail.com

**युएइमा रोजगार** — कम्पनी : EQUATOR ELECTROMECHANICAL WORKS
पूर्व स्वीकृति मिति : २०८१/११/२६ | LT. No. 320115 | चलानी नं. ६०२३४२८७

| सि. नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. |
|---|---|---|---|---|---|
| 1 | Carpenter | 5 | 0 | 1200 | ४५,६४८ |
| 2 | Mason (Nepal) | 5 | 0 | 1200 | ४५,६४८ |
| 3 | Steel Fixers | 9 | 0 | 1200 | ४५,६४८ |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत ६ गते (19th March 2025) मा हुनेछ ।
SONY INTERNATIONAL REQIDMENTS SERVICES PVT.LTD. Gausala-9 Pingalasthan, Kathmandu, Nepal,Tel: +977-1-442271

**कुवेतमा रोजगार** — कम्पनी : SKY ISLAND HEALTH INSTITUTE & SPA COMPANY
पूर्व स्वीकृति मिति : २०८१/११/२७ | LT. No. 320188 | चलानी नं. ६०२३४३१६

| सि. नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sap (Massage Therapist) | 0 | 25 | 160 | ७२,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत ६ गते (19th March 2025) मा हुनेछ ।
SPACE HR SOLUTIONS PVT.LTD Sukhedhara 4, Kathmandu; Tel: 01-5925496, Whatsapp No.: 9841607558 E-mail: info@spacehrsolution.com, Web: www.spacehrsolution.com

**कतारमा रोजगार** — कम्पनी : MKHABZ AL-SLWA AL- AWTWMATYKYH
पूर्व स्वीकृति मिति : २०८१/११/२७ | LT. No. 319420 | चलानी नं. ६०२३४३००

| सि. नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Dough Kneader | 10 | 0 | 1200 | ४६,०१९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत ६ गते (19th March 2025) मा हुनेछ ।
Sunlight Recruitment Service Pvt.Ltd. Shantinagar, Kathmandu, Nepal Tel.01-4620777, E-mail: info@sunlightrecruitment.com.np, sunlightrecruitmentservice@gmail.com, Website : www.sunlightrecruitment.com.np

**कतारमा रोजगार** — कम्पनी : NAIRAT FOOD
पूर्व स्वीकृति मिति : २०८१/११/२७ | LT. No.320167 | चलानी नं. ६०२२४३०६

| सि. नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SERVICE AGENT | 37 | 0 | 1000 | ३८,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Qatar Cleaning Company W.L.L.
पूर्व स्वीकृति मिति : २०८१/११/२७ | LT. No.320168 | चलानी नं. ६०२२४३०७

| सि. नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SERVICE AGENT | 50 | 0 | 1000 | ३८,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत ६ गते (19th March 2025) मा हुनेछ ।
VARSHA MANPOWER PVT. LTD. Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

**साउदीमा रोजगार** — कम्पनी : Herfy food services company
पूर्व स्वीकृति मिति : २०८१/११/२७ | LT. No. 320121 | चलानी नं. ६०२३४३२५

| सि. नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKERS | 25 | 0 | 1000 | ५५,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत्र ६ गते (19th March 2025) मा हुनेछ ।
YOUNG MANPOWER PVT.LTD. Gaushala-9, Kathmandu, Nepal, Tel: +977-1-4583814, 4583815 , 4583816 E-mail : youngmanpower123@gmail.com, Web: https://www.youngmanpower.com.np/ | Govt. License No. 1047/073/74



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञान्ज्योति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मल: स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोन: ०१-४२७६५३०, फ्याक्स:०१-४२७१३२२। दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

प्रभाव दैनिक National Daily

अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १६९९०० | प्रति तोला - ० | प्रति तोला - १९७० |

# ऊर्जामन्त्री खड्का र युरोपियन युनियनका राजदूतबीच भेट



■ प्रभाव संवाददाता

**काठमाडौं–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्कासँग नेपालका लागि युरोपेली युनियनका राजदूत भेरोनिक लोरेन्जोले शिष्टाचार भेट गरेका छन् ।

सिंहदरबारस्थित ऊर्जा मन्त्रालयमा भएको भेटमा नेपालको ऊर्जा, जलस्रोत तथा सिँचाइ क्षेत्रमा युरोपियन युनियनले गरेको सहयोगका विविध विषयमा छलफल भएको थियो । युरोपियन युनियनले सन् १९७४ मा कुटनीतिक सम्बन्ध स्थापना भएदेखि नेपालको दिगो विकासका लागि साझेदार निकायका रूपमा सहयोग गर्दै आएको छ ।

भेटमा ऊर्जामन्त्री खड्काले नेपालको ऊर्जा, जलस्रोत र पर्यटन क्षेत्रको विकासका युरोपियन युनियनले गरेको सहयोगप्रति धन्यवाद दिनुभएको उर्जामन्त्री खड्काको सचिवालयले जनाएको छ । उनले आगामी दिनमा स्वच्छ ऊर्जा, जलवायु परिवर्तन तथा आर्थिक स्थायित्वको क्षेत्रमा गरेको सहयोगप्रति आभार व्यक्त गरेका थिए ।

मन्त्री खड्काले सरकारले सन् २०३५ सम्म २८ हजार ५०० मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिएकाले उक्त लक्ष्यलाई पुरा गर्न दातृ निकायहरूको महत्वपूर्ण साथ र सहयोगको अपेक्षा गरे । उनले नविकरणीय ऊर्जा तथा ऊर्जा दक्षता विधेयक संसदमा पेस भइसकेकाले चाँडो पारित हुने बताए ।

नेपालको ऊर्जा क्षेत्रमा युरोपियन युनियन प्रमुख साझेदार रहँदै आएको र नविकरणीय ऊर्जा पहुँच, ग्रामीण विद्युतीकरण र जलवायु परिवर्तनको प्रभाव न्यूनीकरणमा इयुको सहयोगप्रति मन्त्री खड्काले आभार व्यक्त गरे ।

भेटमा राजदूत लोरेन्जोले जलवायु परिवर्तन र वैकल्पिक ऊर्जाका क्षेत्रमा नेपालको विकासका लागि थप सहकार्य गर्न युरोपियन युनियन प्रतिबद्ध रहेको बताए । उनले नेपालले छिमेकी मुलुकसँग गरेको ऊर्जा सहकार्यको प्रशंसासमेत गरे ।

राजदूत लोरेन्जोले नेपालको ऊर्जा क्षेत्रको विकासमा ईयुले थप ऋण तथा अनुदान सहायता उपलब्ध गराउने बताए । अप्पर अरुण, दुधकोशी जलाशययुक्त आयोजनालगायतमा ईयु लगानी गर्न इच्छुक रहेको राजदूत लोरेन्जोको भनाइ थियो । भेटमा इयुको लगानीमा निर्माण भएको चिलिमे-त्रिशुली प्रसारण लाईन उद्घाटन गर्ने सम्बन्धमा समेत छलफल भएको जनाइएको छ ।

भेटमा मन्त्री खड्कासँगै ऊर्जा मन्त्रालयका सचिव सुरेश आचार्य, मन्त्रालयका वरिष्ठ ऊर्जा विज्ञ प्रवल अधिकारी, मन्त्रालयका सहसचिव जीवछ मण्डललगायतको सहभागीता रहेको मन्त्री खडकाको सचिवालयले जनाएको छ ।

बजेटको तयारी

# कृषिको अनुदानमा समीक्षा

■ प्रभाव संवाददाता



**काठमाडौं–** सरकारले कृषि क्षेत्रमा उपलब्ध गराउने अनुदान र सहुलियतलाई व्यवस्थित र प्रभावकारी बनाइने भएको छ ।

आर्थिक वर्ष २०८२/०८३ वर्षको बजेट सम्बन्धी अर्थ मन्त्रालयले कृषि तथा पशुपन्छि विकास मन्त्रालयसँग गरेको बैठकमा हाल कार्यान्वयनमा रहेका अनुदान कार्यक्रमहरूबारे गम्भीर समीक्षा गरी नयाँ ढंगले अघि बढ्ने र नतिजामुखी बनाउनेबारे छलफल भएको छ ।

उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले कृषकहरूलाई प्रोत्साहन गर्न र उत्पादन बढाउन अनुदानका कार्यक्रम ल्याइएपनि तिनीहरूको समीक्षा गरी समय सान्दर्भिक र प्रतिफलमुखी बनाउन जरुरी रहेको बताए ।

कृषिमन्त्री रामनाथ अधिकारीले अनुदानलाई परिणाममुखी बनाउँदै कृषि क्षेत्रमा उत्पादन वृद्धि गरी निश्चित कृषि वस्तुमा आत्मनिर्भर हुनु पर्नेमा जोड दिए ।

कृषि मन्त्रालयले रासायनिक मल, बाली तथा पशुपन्छि बीमाको प्रिमियम अनुदान, उखु खेती प्रवर्द्धनका लागि किसानलाई प्रोत्साहन अनुदान लगायतका अनुदान दिँदै आएको छ । अर्थ मन्त्रालयका अनुसार यस्तो अनुदान तथा सहुलियतका लागि चालु आर्थिक वर्षमा करिब ३६ अर्ब रूपैयाँ विनियोजन भएको छ ।

छलफलमा सहभागीहरूले अनुदानलाई उत्पादन प्रोत्साहनसँग जोड्नु पर्ने धारणा व्यक्त गरेका थिए । संवैधानिक कार्यजिम्मेवारी अनसार प्रदेश र स्थानीय तहको क्षेत्राधिकारसँग मिल्ने तर संघीय तहवाट हाल कार्यान्वयनमा रहेका निश्चित कार्यक्रमहरूलाई तल्लो तहका सरकारमा पठाउनु पर्नेमा छलफलका सहभागीहरूको जोड रहेको थियो ।

बजेट छलफलमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्राडा शिवराज अधिकारी, अर्थ सचिव, कृषि सचिव, विभागीय प्रमुख लगायतको उपस्थिति थियो । नयाँ बजेट निर्माण सम्बन्धी यस अघि अर्थ मन्त्रालयले भौतिक, शहरी, उर्जा, स्वास्थ्य, उद्योग, खानेपानी, संघीय मामिला मन्त्रालयसँग छलफल गरेको थियो ।

# बिमा बोर्डको कार्यकारी निर्देशकमा डा. काफ्ले

■ प्रभाव संवाददाता



**काठमाडौं–** सरकारले डा रघुराज काफ्लेलाई स्वास्थ्य बिमा बोर्डको कार्यकारी निर्देशक पदमा नियुक्त गरेको छ । सिफारिस समितिको सुझावका आधारमा छनोटमा परेका तीन जनामध्ये तनहुँका विकास अर्थशास्त्री डा काफ्ले कार्यकारी निर्देशक नियुक्त भएका छन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलको निजी सचिवालयद्वारा यहाँ जारी जानकारी अनुसार सिफारिस समितिले आवेदन स्वीकृत भएका १० उम्मेदवारमध्ये फागुन १८ र १९ गते प्रस्तुतीकरण तथा अन्तर्वार्तापश्चात अन्तिम सूचीमा डा काफ्लेसहित डा कृष्णप्रसाद अधिकारी र कमल पन्थीको नाम मन्त्रिपरिषद्मा सिफारिस गरेको थियो ।

मन्त्री पौडेलले गठन गरेको बिमा सुझाव कार्यदलमा डा. काफ्ले सदस्य थिए । कार्यदलले स्वास्थ्य बिमा सुधारका लागि सुझावसहितको प्रतिवेदन मन्त्री पौडेललाई हस्तान्तरण गरेको थियो ।

यसअघि डा काफ्लेसँग गण्डकी प्रदेशको नीति तथा योजना आयोगको उपाध्यक्ष तथा वैदेशिक रोजगार बोर्डको कार्यकारी भएको अनुभव छ । बोर्डमा रहँदा डा काफ्लेले श्रमिक र आश्रित परिवारको हितमा विभिन्न कल्याणकारी नयाँ कार्यक्रम सुरु गरेका थिए । राहत रकममा चार सय प्रतिशत वृद्धि तथा बिमामा शतप्रतिशत वृद्धि गर्ने निर्णय उनको नेतृत्वमा भएको थियो । गम्भीर रोगका लागि श्रमिक बिमा कार्यक्रम उनले सुरु गरेका थिए ।

डा. काफ्ले संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रममा एक दशक बढी वरिष्ठ अधिकारीका रूपमा कार्यरत थिए । यसैगरी उनी विभिन्न विकास रणनीति निर्माणमा संलग्न रहँदै आएका छन् । अर्थशास्त्रमा विद्यावारिधि डा. काफ्लेले लामो समय प्राध्यापनसमेत गरेका थिए ।

# ऊनबाट आम्दानी खोजिरहेकी आमा

**बलेवा (बागलुङ)–** बागलुङको निसी, भुजी र तमान क्षेत्रका अधिकांश स्थानीय पुस्तौँदेखि भेडापालनमा सक्रिय छन् । पहाडी भेग भएकाले पशुपालनमा रमाइरहेका यहाँका स्थानीय किसान पछिल्लो समय भेडाको मासुसँगै ऊनको समेत उपयोगमा लाग्न थालेका हुन् ।



निसीखोला गाउँपालिका-५ पुतली बजारकी ५७ वर्षीया पुनीकला घर्तिमगरको दैनिकी आजभोलि फेरिएको छ । पुतली बजारमा चलिरहेको ऊनको धागो बनाउने र कपडा तयार गर्ने तालिममा उनको दिन बित्छ । बिहान-बेलुका घरको काम सकेर १० नबज्दै उनी पुतली बजार पुग्छिन् । गाउँबाट संकलन गरेको भेडाको ऊनलाई सफा गर्ने, कोर्ने, बाँट्नेदेखि तानमा कपडा बनाउनेसम्मका काम उनले सिकिरहेकी छिन् ।

पुनले सानो छँदा गाउँमा ऊनका कपडा बनाउँथिन् । उनको बाल्यकाल गाउँमै बनेका ऊनका कपडा लगाएर बित्यो । बिस्तारै विश्व बजारका कपडा गाउँ पुगे । ऊनका कपडा बनाउने काम छाड्दै गए । 'हिजोआज ऊनको कपडा खस्रो हुन्छ भनेर लाउनै छोडे, बनाउनेले पनि छाडे', पुनिकला भन्छिन्, 'बजारतिर उनका कपडा खोजी हुन्छ भन्ने सुनेको छु, पहिला सिकिएन, बूढेसकालमा भए पनि दिन कटाउने बाटो होला भनेर ऊनका कपडा बनाउन सिकिरहेको छु', उनले भनिन् ।

परम्परागत रूपमा भेडाको ऊनबाट बनेका कपडाको बिक्री वितरण बिस्तारै सेलाउन थालेपछि यहाँका महिला समूहमा आबद्ध भएर भेडाको ऊनबाट तयारी सामग्री बनाउन सिक्दैछन् । जिल्लाको निसीखोला गाउँपालिका र ढोरपाटन नगरपालिकामा सञ्चालन गरिरहेको दिगो पर्यटन परियोजनाले उनीहरूलाई तालिमको व्यवस्था गरेको छ ।

रुकुमको टकसेराबाट आएका महिला प्रशिक्षकले निसीखोलाको पुतली बजारमा १३ र ढोरपाटनको सुपुर्दुङमा १३ महिलालाई ऊन निकाल्नेदेखि कपडा तयार गर्नेसम्मको काम सिकाइरहेका छन् । 'खेर गइरहेको ऊनलाई प्रयोगमा ल्याउन सके आम्दानी गरौँला, नभए घरको काम त चल्छ', ढोरपाटन-९ सुपुर्दुङकी २१ वर्षीया आशा घर्तिमगरले भनिन्, 'पहिलाभन्दा अहिले प्रविधिले सजिलो बनाएको छ, बजार पनि उनका कपडाको राम्रो छ भनेका छन् ।'

गाउँमा खस्रो कपडा भनेर प्रयोगमा आउन छाडेको ऊनका कपडा दशक अगाडिसम्म गोठालाले बढी प्रयोग गर्ने गरेकामा अहिले विदेशमा पुग्ने गरेको छ । भेडाको ऊनबाट बन्ने काम्लो, बख्खु, घुमलगायत कपडाले घामपानी छेक्ने, वर्षौं टिक्ने र न्यानो हुने उनीहरू बताउँछन् । कम्बल, बख्खु, घुमलाई गोठालाको कपडा भन्ने गरिन्छ ।

ढोरपाटन र निसीखोलामा एउटै परिवारले रु ५०० देखि रु एक हजार ५०० सम्म भेडाबाख्रा पाल्ने गरेका छन् । ती भेडाबाट प्रत्येक वर्ष निकाल्न सकिने ऊनको प्रयोगमार्फत महिलालाई आयआर्जनसँग जोड्नेगरी सीपमूलक तालिम सञ्चालन गरिएको दिगो पर्यटन परियोजनाका समूह संयोजक अमर थापाले बताए ।

मासु स्थानीयस्तरमा बिक्री हुने र ऊनको पनि स्थानीय तथा विदेशी बजारमा समेत निर्यात गर्नेगरी उत्पादनमा प्रेरित गरिने उनले बताए । एउटा काम्लो, हापदुला बुन्न समय बढी लाग्छ । एउटा ऊनको कपडाको मूल्य न्यूनतम रु १५ हजारदेखि रु ६० हजारसम्म पर्छ । महिलाहरूलाई तालिमका लागि प्रशिक्षक, आवश्यक उपकरण, ऊन र खाजा खानाको व्यवस्था परियोजनाले मिलाएको छ । तालिमपछि तयार हुने सामग्रीको बजारीकरणमा महिलाहरूले समूह बनाउने बताउँछन् ।

ऊनको प्रयोग नभएकाले चरीचरण क्षेत्रमा नै किसानले ऊन निकालेर फाल्ने गरेकामा स्थानीय महिलाको सक्रियताले ऊनको प्रयोग बढ्ने प्रशिक्षक रमी बुढा मगरले बताइन् । उनीहरूले किसानबाट सेतो ऊन प्रतिकिलो रु ५० र कालो ऊन प्रतिकिलो रु १०० मा खरिद गर्ने गरेका छन् । बजारमा कालो ऊनको तयारी कपडा सेतो र खैरो ऊनको भन्दा दोब्बर पर्छ । *रासस*

# नेप्सेमा लगातार गिरावट

## ३२ अंकले परिसूचक घट्दा साढे ८ अर्बको कारोबार

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक ३२ दशमलव २१ अंकले घटेको छ । पुँजीबजार कारोबार पछिल्लो सात दिनमा लगातार घट्दो क्रममा देखिएको हो । मंगलबार नेप्से परिसूचकमा एक दशमलव १७ प्रतिशतको गिरावट पछि दुई हजार सात सय १९ दशमलव २० को बिन्दुमा कायम भएको छ ।

तीन सय तीन कम्पनीको एक करोड ५५ लाख ५९ हजार छ सय ८३ कित्ता सेयर ९२ हजार ३१ पटक खरिदबिक्री हुँदा रू आठ अर्ब ३९ करोड ११ लाख ४९ हजार बराबरको कारोबार भएको छ ।

विकास बैंक समूह एक दशमलव ९३ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । बैंकिङ शून्य दशमलव ७१, वित्त एक दशमलव ५७, होटल तथा पर्यटन एक दशमलव १३, जलविद्युत् एक दशमलव ५१, लगानी एक दशमलव ८९ र जीवन बीमा समूह एक दशमलव ३० प्रतिशतले घटेको छ । त्यसैगरी, उत्पादन तथा प्रशोधन समूह दुई दशमलव ४९, लघुवित्त शून्य दशमलव ८९, म्युचुअल फन्ड शून्य दशमलव १०, निर्जीवन बीमा शून्य दशमलव ९९, व्यापार समूह एक दशमलव ७९ र अन्य समूह एक दशमलव ६८ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रू ५८ करोड ६५ लाख १७ हजार बराबरको कारोबार भएको छ । कारोबार भएका सेयर संख्याका आधारमा सबैभन्दा धेरै महालक्ष्मी विकास बैंक लिमिटेडको नौ लाख ९१ हजार चार सय ४४ कित्ता सेयर किनबेच भएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ